वर्ष : १३, अंक : १६, काठमाडौं, २०७४ साउन १३ गते शुक्रबार 28 July 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## प्रम देउवाको भारत भ्रमण भदौ ७ मा



शेरबहादुर देउवा

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले भदौ पहिलो साता भारत भ्रमणमा जाने भएका छन् । देउवाको भारत भ्रमणका लागि भदौ ७ देखि १० गतेसम्मको मिति तय भएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ । भ्रमणको एजेन्डा र विस्तृत तालिका भने तय हुन बाँकी रहेको प्रधानमन्त्री कार्यालयले जनाएको छ । प्रधानमन्त्रीको आसन्न भ्रमणमा विगत केही समयदेखि गृहकार्य भइरहेको सानातिना चार/पाच वटा विषयगत सम्झौता हुने सम्भावना रहेको छ । पुनर्निर्माण तथा पारवहनको विषयमा केहि सम्झौता हुने बताइएको छ । आसन्न भ्रमण दुई मुलुकबीच विगतमा भएका सहमति र सम्झौता कार्यान्वयन समीक्षा तथा द्धिपक्षिय संयन्त्रहरूलाइ सक्रिय बनाउने विषयमा केन्द्रित हुनेछ ।

## तेस्रो चरणको निर्वाचनमा पनि सहभागी हुन्नौं : ठाकुर



महन्थ ठाकुर

भक्तपुर । राष्ट्रिय जनता पार्टीका अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरले संविधान संशोधन नभई आगामी असोज २ गते हुने तेस्रो चरणको निर्वाचनमा राजपा सहभागी नहुने बताएका छन् । भक्तपुरमा भएको कार्यक्रममा उनले संविधान संशोधन आफूहरूको प्रमुख कार्यसूची भएकाले त्यसको पूर्णताविना यही अबस्थामा निर्वाचनमा सहभागी नहुने बताए । ठाकुरले भने, 'सरकारले जहिले पनि स्पष्ट व्यवहार देखाउन सकेन, सरकारले आफूले गरेको वाचा पूरा नगर्दा समस्या सुल्झिनुभन्दा झनै बल्झँदै गयो ।' तराई आन्दोलनमा घाइतेको उपचार र कारागारमा भएकाहरूलाई तत्काल रिहा गर्नुपर्ने तर्फ सरकारले ध्यान नदिएको आरोप उनले लगाए ।

## एकीकरण टर्‍यो



डा. बाबुराम भट्टराई उपेन्द्र यादव

काठमाडौं । केही दिनदेखि चर्चामा रहेको डा. बाबुराम भट्टराई नेतृत्वको नयाँशक्ति पार्टी नेपाल र उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालबीचको एकीकरण प्रक्रियामा ब्रेक लागेको छ । दुवै पार्टीबीच एकीकरणका लागि लामो समयदेखि चलिरहेको वार्ता तत्काल सफल हुन सकेन । दुवै पार्टीबीचको एकीकरण घोषणा साउन १५ भित्रै हुने दाबी गरिए पनि अचानक एकीकरण प्रक्रिया स्थगित भएको हो । नयाँशक्तिका नेता रामकुमार शर्माका अनुसार दुवै पार्टीबीच एकीकरणका लागि सबै कुरा मिलिसके तापनि तत्कालका लागि एकीकरण प्रक्रिया रोकिएको हो । मधेशवाणीसँग कुराकानी गर्दै नेता शर्माले भने, 'नयाँशक्ति र फोरमबीचको एकीकरण प्रक्रिया भाँडिएको होइन, तर केही दिनका लागि स्थगित भएको हो ।' उनले यो महिनाको १५ गतेभित्रै एकीकरण घोषणा हुने तयारी भएपनि आन्तरिक कुराहरूका कारण हाललाई स्थगित गरिएको हो । पार्टीको नाम, नेतृत्व, चुनाव चिन्ह, झण्डा लगायत सबै कुरामा सहमति भइसकेको शर्माले दाबी गरेका छन् । नयाँशक्ति पार्टी र फोरममा नेताहरू आइतबार बाबुराम भट्टराईको निवासमा पार्टी एकताका लागि छलफलमा जुटेका थिए ।

## चुनावमा गएको औचित्य पुष्टि भएन : जिल्ला अध्यक्षहरू

काठमाडौं । संघीय समाजवादी फोरम नेपालका जिल्ला अध्यक्षहरूले जारी मधेश आन्दोलनमा रही रहेको अवस्थामा एकाएक चुनावमा भाग लिएपछि त्यसको प्रभाव पार्टीमा परेको धारणा राखेका छन् । पार्टी युटर्न भएपछि जनता अन्योलमा देखिएको र उनीहरूले मतदान नगरेको जिल्ला अध्यक्षहरूले पार्टी नेतृत्वसमक्ष गुनासो गरेका छन् । काठमाडौंमा साउन ११ गतेदेखि शुरू भएको केन्द्रीय समितिको बैठकमा चुनाव भइसकेका जिल्लाका जिल्ला अध्यक्षहरूले एमालेले उठाएको राष्ट्रवादको कुरालाई पनि फोरम नेपालले चिर्न नसकेको टिप्पणी गरे । उनीहरूले पार्टी चुनावमा गएको औचित्य जनता समक्ष पुष्टि गर्न नसकेको धारणा राखेका थिए ।

## प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्

| क्र.सं. | नाम | मन्त्रालय | दल |
|---|---|---|---|
| १ | शेरबहादुर देउवा | प्रधानमन्त्री, उद्योग, वन तथा भू-संरक्षण, विज्ञान तथा प्रविधि र शान्ति तथा पुनर्निर्माण | नेपाली कांग्रेस |
| २ | विजयकुमार गच्छदार | उपप्रधान, संघीय मामिला तथा स्थानीय विकास | नेपाल लोकतान्त्रिक फोरम |
| ३ | कृष्ण बहादुर महरा | उपप्रधान, परराष्ट्र | नेकपा माओवादी केन्द्र |
| ४ | गोपालमान श्रेष्ठ | उपप्रधान, शिक्षा | नेपाली कांग्रेस |
| ५ | ज्ञानेन्द्र बहादुर कार्की | अर्थ | नेपाली कांग्रेस |
| ६ | जनार्दन शर्मा | गृह | नेकपा माओवादी केन्द्र |
| ७ | फरमुल्लाहमन्सुर | श्रम तथा रोजगार | नेपाली कांग्रेस |
| ८ | प्रभु शाह | सहरी विकास | नेकपा माओवादी केन्द्र |
| ९ | वीरबहादुर बलायर | भौतिक पूर्वाधार तथा यातायात | नेपाली कांग्रेस |
| १० | भिमसेनदास प्रधान | रक्षा | नेपाली कांग्रेस |
| ११ | मीनबहादुर विश्वकर्मा | वाणिज्य | नेपाली कांग्रेस |
| १२ | मोहन बहादुर बस्नेत | सूचना तथा सञ्चार | नेपाली कांग्रेस |
| १३ | राजेन्द्रकुमार के.सी. | युवा तथा खेलकुद | नेपाली कांग्रेस |
| १४ | रामकृष्ण यादव | कृषि विकास | नेपाली कांग्रेस |
| १५ | सञ्जयकुमार गौतम | सिंचाई | नेपाली कांग्रेस |
| १६ | अम्बिका बस्नेत | सहरी तथा गरिबी निवारण | नेपाली कांग्रेस |
| १७ | महेन्द्र यादव | खानेपानी तथा सरसफाई | नेपाली कांग्रेस |
| १८ | यज्ञबहादुर थापा | कानून, न्याय तथा संसदीय मामिला | नेपाली कांग्रेस |
| १९ | महेन्द्र बहादुर शाही | उर्जा | नेकपा माओवादी केन्द्र |
| २० | आशा बनाल कोइराला | महिला, बालबालिका तथा समाजकल्याण | नेकपा माओवादी केन्द्र |
| २१ | गिरिराजमणी पोखरेल | स्वास्थ्य | नेकपा माओवादी केन्द्र |
| २२ | सन्तकुमार चौधरी | पशुपंक्षी विकास | नेकपा माओवादी केन्द्र |
| २३ | टेकबहादुर बस्नेत | सामान्य प्रशासन | नेकपा माओवादी केन्द्र |
| २४ | शिवकुमार मण्डल | आपूर्ति | नेकपा माओवादी केन्द्र |
| २५ | जितेन्द्र नारायण देव | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | नेपाल लोकतान्त्रिक फोरम |
| २६ | गोपाल दहित | भूमिसुधार तथा व्यवस्था | नेपाल लोकतान्त्रिक फोरम |
| २७ | मिथिला चौधरी | जनसंख्या तथा वातावरण | नेकपा संयुक्त |

# फेरि ब्युँतियो 'मधेश एक प्रदेश'

## मधेशी दलले छाडेको मुद्दा कार्यान्वयन होला ?

**मधेशवाणी डेस्क**

काठमाडौं । कुनै समय थियो, मधेश र मधेशी दलमा एक मधेश एक प्रदेशको चर्चा हरदम चलिरहन्थ्यो । मधेशी दलका नेताहरू पनि एक मधेश एक प्रदेशको नारा दिएर मधेशको जनमत आफूतिर बटुल्ने प्रयास गरेका थिए । मधेशमा एक प्रदेश हुनैपर्छ र त्यसअनुसारकै प्रदेश विभाजन गर्ने उनीहरूको अडान र माग थियो ।

तर, विस्तारै ती मुद्दा हराउँदै गए र कालान्तरमा एक मधेश एक प्रदेशको चर्चा पनि हुन छाड्यो । पहिलो संविधानसभामा यो विषयमा बहस भएपनि दोस्रो संविधानसभामा आउँदा आउँदै बहस पनि हुन छाड्यो ।

कुनै बेला संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले एक मधेश एक प्रदेश किन चाहिन्छ भन्ने कुरालाई प्रष्टयाउँदै भनेको थिए- 'एक प्रदेश भयो भने राष्ट्रिय विकासमा मधेशको भूमिका बलियो हुन्छ । जस्तो, भारतको विकासमा महाराष्ट्र र अमेरिकाको विकासमा क्यालिफोर्नियाको छ । सामर्थ्य आर्थिक पाटो हो । कृषि र औद्योगिक विकासको सम्भावना तराईमा ज्यादा छ, खण्डित मधेशमा त्यो हुँदैन ।'

तर, मधेशी दलले छोडिसकेको 'समग्र मधेश एक प्रदेश' को मागलाई अहिले फेरि ब्युँताउने पहल सुरू भएको छ । सत्तारूढ दल नेकपा माओवादी केन्द्रका नेताको पहलमा समग्र मधेश एक प्रदेशको मुद्दा ब्युँताउन भन्दै माओवादी केन्द्रको भ्रातृ संगठन राष्ट्रिय मधेशी मुक्ति मोर्चाका संयोजक तथा हेडक्वार्टर सदस्य मातृका यादवको सक्रियतामा 'मधेशी भ्वाइस एसेम्बली' गठन भएको छ । साउन ७ गते शनिबार काठमाडौंमा एक भेलाको आयोजना गर्दै यादवसहितका नेताले समग्र मधेश एक प्रदेशको माग पूरा गराउन आन्दोलनको तयारीमा जुटन आह्वानसमेत गरेका छन् ।

नवगठित संगठनमा यादवका साथै मधेशवादी पार्टीका नेताहरूसमेत छन् । यो संगठनमा राष्ट्रिय जनता पार्टी नेपाल अध्यक्ष मण्डलका सदस्य महेन्द्रराय यादव, नेपाल सद्भावना पार्टी (गजेन्द्रवादी) का अध्यक्ष विकास तिवारी, नेपाल संघीय समाजवादी पार्टीका संयोजक रिजवान अन्सारी, नयाँ शक्ति पार्टी नेपालका नेता डा रामकेवल साह लगायतका नेता छन् । यादवसँगै माओवादी केन्द्रका अर्का नेता गोपाल ठाकुरसमेत यो अभियानमा जुटेका छन् । ठाकुर संयुक्त मधेशी राष्ट्रिय आन्दोलन समितिमा समेत छन् ।




'मधेश भ्वाइस एसेम्बली'मा सदस्य रहेका नेपाल सद्भावना पार्टी (गजेन्द्रवादी) का अध्यक्ष विकास तिवारीले नेताहरूले एक मधेश प्रदेश लगायतका मधेशको मुद्दा बिर्सिएकाले त्यसलाई उठान गर्न जुटेको बताए । विभिन्न पार्टीमा रहेका मधेशी नेताहरूको एउटै फोरम निर्माण गर्दै बृहत् आन्दोलनको तयारी गर्न संगठन गठन गरिएको नेताहरूले बताएका छन् । यसका लागि नवगठित संगठनले मधेशमा राजनीतिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तिवारीले बताएका छन् ।

संगठनमा सहभागी माओवादी केन्द्रका नेता गोपाल ठाकुरले *मधेशवाणी रेडियो*सँग कुरा गर्दै मधेशका विभिन्न मुद्दालाई एक ठाउँमा ल्याएर समाधानको पहल गर्न फोरम गठन गरिएको बताए । फोरममार्फत मधेशका सबै मुद्दा र माग पूरा गराउन सामूहिक दबाब दिइने जानकारी दिए ।

समग्र मधेश एक प्रदेशको माग सुरूमा तत्कालीन मधेशी जनअधिकार फोरम नेपालले गरेको थियो । उपेन्द्र यादव नेतृत्वको फोरमले यो मुद्दा छोडेपछि फोरम फुटेको थियो । यही मागसँगै मधेश आन्दोलन सुरू भई यादव मधेश राजनीतिमा स्थापित भए । समग्र मधेश एक प्रदेशको माग पूरा हुने नदेखिएपछि यादव समग्र मधेश दुई प्रदेशमा सहमत भएका थिए । फोरम नेपालकै वरिष्ठ नेता भाग्यनाथ गुप्ताले यादवमाथि मधेशको मुद्दा छोडेको आरोप लगाउँदै मधेशी जनअधिकार फोरम मधेश गठन गरेका थिए । गुप्ताले गठन गरेको फोरमले समग्र मधेश एक प्रदेशको माग गर्दै आएका छन् । गुप्ताले आफ्नो नेतृत्वमा गठन गरेको दलबाट पहिलो र दोस्रो संविधानसभाको निर्वाचनमा सहभागिता जनाए पनि एक सिटमा पनि विजयी हुन सकेन ।

यादव नेतृत्वको फोरम नेपाल अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टी र युवराज कार्की नेतृत्वको खस समावेशी राष्ट्रिय पार्टी पार्टीसँग एकीकरण गर्दै संघीय समाजवादी फोरम नेपाल बनेको हो । हाल फोरम डा. बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टी नेपालसँग एकीकरण गर्ने तयारीमा रहेको छ ।

**सम्भव छ मधेश समग्र प्रदेश ?**

सामान्य बुझाइ गलत होइन र मधेशका बुद्धिजीबी तथा राजनीतिक दलहरूले उठाउँदै आएको 'एक मधेश प्रदेश' नै अन्तिम सत्य हो भने 'एक मधेश प्रदेश' किन चाहिएको हो भन्ने विषयको चित्तबुझ्दो जवाफ यसका पक्षधरले दिनुपर्छ । नत्र पहिला तामझामका साथ उठाइएको यो मुद्दा क्षणिक राजनीतिक उद्देश्य पूर्तिका लागि मात्र नबनोस् भन्ने तर्फ सजग रहनुपर्छ ।

अहिलेसम्म एक मधेश प्रदेशका पक्षधरले यसको औचित्य पुष्टि गर्नसकेका छैनन् । एक मधेश प्रदेशका पक्षधर सबैबाट एउटै 'रेडिमेड' जबाफ आउने गरेको छ, '५० प्रतिशत जनसंख्याको बसोबास मधेशमा छ, मधेशी जनताको राज्यमा प्रतिनिधित्व नगण्य छ, मधेशी समुदाय ऐतिहासिक शोषण, दमनको कोपभाजनमा परेका छन्, त्यसबाट मुक्तिका लागि र आफ्नो हक अधिकारको सुनिश्चितताका लागि एक मधेश प्रदेश हुनु जरूरी छ ।'

अबका दिनमा मधेशीलगायतका सबै समुदायमाथि हुँदैआएको थिचोमिचो तथा अन्यायको अन्त्य गरिनुपर्छ भन्नेमा पनि कसैको विमति हुँदैन । तर के एक मधेश प्रदेशको मागले न्याय र समतामूलक समाज निमार्णमा सहयोग गर्छ त ?

## पार्टी एकातिर, नेता अर्कोतिर



मातृका यादव

काठमाडौं । एक मधेश एक प्रदेशको माग तीन ठूला राजनीतिक दलहरूको होइन । काँग्रेस, मओवादी केन्द्र र एमालेले यो विषय सुन्नै चाहँदैन तर, पछिल्लो क्रममा माओवादी केन्द्रका नेता मातृका यादवले यो विषयलाई उठान गरेर बहसमा ल्याएका हुन् ।



> हाम्रो पार्टी "एक मधेश एक प्रदेश" मागको बिरुद्धमा दृढ छ । यो अनावश्यक मात्र होइन हानिकारक छ । कसैमा कुनै भ्रम नरहोस् । नारायणकाजी श्रेष्ठ

मधेशी दलले नै छाडिसेको विषयलाई माओवादी केन्द्रले बोक्नु आफैमा रहस्यमय बनेको छ भने यस भित्र अर्कै अन्तरनिहित स्वार्थ रहेको पनि बुझ्न सकिन्छ । एक मधेश एक प्रदेशको विषय उठाउनु माओवादी केन्द्रको रणनीतिक चालको रूपमा पनि यसलाई अर्थ्याइएको छ । माओवादी अध्यक्ष प्रचण्डले मधेशलाई बारम्बार धोका दिँदै आएका कारण आसन्न प्रदेश नं. २ को निर्वाचनलाई मध्यनजर गर्दै प्रचण्डले यादवलाई मोहरा बनाएर मधेशको सेन्टिमेन्ट आफ्नो पक्षमा पार्न चाल चलेको हुनसक्ने आशंका गरिएको छ ।

**समय-सन्दर्भ**

संगीता रेग्मी



## प्रदेश नं. २ का जनताको अधिकारको रक्षा होस्

राष्ट्रिय जनता पार्टी नेपालको संविधान संशोधनको अडान कायम नभएको भए प्रदेश नं. २ का स्थानीय तहका मतदाता यति खेर स्थानीय तहमा आफ्नो जनप्रतिनिधि निर्वाचित गरिसकेका हुन्थे । राजपाको अडानका कारण अब असोज २ मा मात्र मतदान गर्न पाउने यो प्रदेशका जनता भने यतिबेला अन्य प्रदेशमा जस्तै मताधिकार प्रयोग गरेर आफ्ना प्रतिनिधि छान्न नपाएकोमा दुःखी छन् ।

पटकपटक गरी प्रदेश नं. २ को स्थानीय तहको निर्वाचनमा चारपटक सार्ने सरकारको निर्णयप्रति यहाँका जनता आक्रोशित छन् । अन्य प्रदेशहरूमा पहिलो र दोस्रो चरणमा निर्वाचन भइ जनप्रतिनिधि छानिसकेको अवस्थामा आफ्नो प्रदेश अहिले पनि सुनसान रहेकोमा कोही राजनीतिक दल त कोही सरकारप्रति आक्रोश पोख्छन् । सातमध्ये ६ वटा प्रदेशमा स्थानीय तहको मतदान भइसक्दा समेत आफू बसेको प्रदेशमा निर्वाचन अझै अनिश्चित हुनुको पीडा उनीहरूमा छ ।

> 'मतदान गर्ने र आफ्नो नेता आफैं छनोट गर्ने अधिकार सरकारले निर्वाचन सार्दै खोस्ने गरिरहेको छ, राजनीतिक मुद्दा समाधान गर्दै निर्वाचन गर्नुपर्ने सरकार केटाकेटी निर्णयमा अल्झेको छ ।'

आफ्नो प्रदेशमा पटकपटक निर्वाचन मिति सार्ने सरकारको निर्णयलाई उनीहरू निर्वाचनको सम्मुखमा आइपुग्दा भने 'अपरिपक्व' भन्दै छन् ।

स्थानीय तहमा २० वर्षपछि निर्वाचन सम्पन्न भएको छ । तर अन्य प्रदेशले जनप्रतिनिधि पाइसक्दा समेत प्रदेश-२ मा निर्वाचन नहुनुले स्थानीय तहमा अनियमितता र भ्रष्टाचार मौलाउनेमा चिन्ता पनि बढेको छ । 'मतदान गर्ने र आफ्नो नेता आफैं छनोट गर्ने अधिकार सरकारले निर्वाचन सार्दै खोस्ने गरिरहेको छ, राजनीतिक मुद्दा समाधान गर्दै निर्वाचन गर्नुपर्ने सरकार केटाकेटी निर्णयमा अल्झेको छ,'-प्रदेश नं. २ का आम जनताको गुनासो छ ।

संविधान संशोधन नभएर पटकपटक निर्वाचन रोकिँदै आएको र निर्वाचन सार्ने संशोधन तर नहुने दोधारे निर्णयले पनि प्रदेश नं. २ को आम जनतामा आक्रोश छाएको छ ।

वर्षौंदेखि आन्दोलनरत मधेशी दलहरूको माग सम्बोधन पनि नगर्ने र प्रदेश नं. २ मा निर्वाचनमा रोकिराख्ने सरकारको नियत ठीक नभएको उनीहरूको गुनासो छ ।

'मधेशी मोर्चाको माग पूरा गर्नमा कसले रोकेको छ, त्यसलाई पूरा गर्दा सबैको भलाइ हुन्छ ? स्थानीय तहको निर्वाचन रोकेर दलहरू बहानाबाजी त गरिरहेका छैनन् ? यावत प्रश्नहरूको जबाब कसले दिने ?

मधेशको निर्वाचन र विकासमा प्रमुख तीन दल मुख्य दोषी छन् । निर्वाचन सारेर जनताको अधिकार पनि तीन दलले खोसिरहेका छन् ।

जनताको अधिकारमा दलका नेताहरूले आफ्नो स्वार्थ जोड्दा प्रदेश नं. २ को निर्वाचन अनिश्चय भएको हो । जनप्रतिनिधि चयन गर्न ढिला हुँदा विकासका गतिविधि प्रभावित हुने र जनताको भविष्य नै अन्धकारतिर धकेलिन्छ ।

वास्तवमा निर्वाचन सार्नु समस्याको समाधान नभई समस्या बल्झाउने काम मात्र हो । मुख्य रूपमा संविधान संशोधन लगायतका माग पूरा गरेर प्रदेश नं. २ को निर्वाचन सुनिश्चित गरी राजपासहितका असन्तुष्ट दललाई निर्वाचनमा सहभागी हुने वातावरण बन्नु पर्छ ।

तर, संविधान संशोधनको नाममा निर्वाचन नगरी जनताको मतदान गर्ने अधिकार कटौती गर्नु ठीक होइन ।

राजनीतिक समस्याको समाधान निर्वाचनबाट हुने भएकाले पनि दलहरू निर्वाचनबाट भाग्नु हुँदैन । राजपाको असन्तुष्टि आफ्नो ठाउँमा होला तर उसले पनि निर्वाचनलाई वहिष्कार नगरी जनताको अधिकारलाई रक्षा गर्नुपर्छ ।



## सम्पादकीय



# संविधान संशोधनको भविष्य

सरकारले संविधान संशोधन विधेयक संसदमा दर्ता गराएपछि राजनीतिक ध्रुवीकरण तीव्ररूपमा बढेको छ । मधेशी दल र असन्तुष्ट समूहको माग सम्बोधन गर्न सरकारले मंसिरको दोस्रो साता संशोधन प्रस्ताव दर्ता गराएपछि मुलुकको राजनीतिक द्वन्द्व चर्किंदै गएको हो । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको स्पष्ट साथबिना संशोधन पारित हुन सक्ने भएपनि एमाले इतरका राजनीतिक शक्तिलाई समेत सरकारले विश्वासमा लिन सकिरहेको छैन ।

बुधबार मन्त्रिपरिषद् विस्तार गरेर प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय प्रजातन्त्र पार्टीलाई सरकारबाट बाहिर राखेपछि उसले संविधान संशोधनमा सघाउने दिएको बचन पनि अन्योलमा परेको छ । अब राष्ट्रिय प्रजातन्त्र पार्टीसहितले संविधान संशोधनमा नसघाउने भएपछि यसको भविष्य अनिश्चित बनेको छ ।

> राजनीतिक बृत्तमा निकासका लागि फरक फरक रोडम्यापका बारेमा छलफल भएका छन् । आखिरमा अहिलेको परिवेशमा अवरूद्ध राजनीतिक निकासको वास्तविक रोडम्याप के हुनसक्छ, त्यसबारेमा गम्भीर बहस दलहरूबीच हुन सकिरहेको छैन ।

शुरूमा प्रस्तावको विपक्षमा रहेको मधेशी दल विस्तारै परिमार्जनसहित प्रस्तावको पक्षमा उभिएका छन् भने एमाले आगमी प्रदेश र संघीय संसदको चुनावी रणनीतिमा जुटेको छ ।

राजनीतिक निकास खोज्ने राजनीतिक दलहरूको अर्थहीन प्रयासले मुलुकको आगामी राजनीतिक यात्रा कतातिर जाने हो यसै भन्न सकिने अवस्था छैन । पछिल्लो समयमा संविधान संशोधन विधेयक दर्तासँगै उत्पन्न राजनीतिक गतिरोध फुकाउन प्रमुख शीर्ष नेताले शुरू गरेको संवादले चाँडै निकास प्राप्त नगर्ने हो भने संविधान कार्यान्वयनको आगामी यात्रा झनै कष्टकर बन्ने निश्चित छ । राजनीतिक बृत्तमा निकासका लागि फरक फरक रोडम्यापका बारेमा छलफल भएका छन् । आखिरमा अहिलेको परिवेशमा अवरूद्ध राजनीतिक निकासको वास्तविक रोडम्याप के हुनसक्छ, त्यसबारेमा गम्भीर बहस दलहरूबीच हुन सकिरहेको छैन ।

संसदको दोस्रो शक्ति एमालेलाई सडकमा छाडेर राजनीतिक निकासको यात्रा सहज छैन । तसर्थ गतिरोधको मूल मुद्दा बनेको संविधान संशोधन प्रस्तावलाई केही समय पास गराउने वातावरणको सृजना गर्नु जरूरी छ । सरकारको विस्तारसँगै रूष्ट भएको राष्ट्रिय प्रजातन्त्र पार्टीलाई पनि सहमतिमा ल्याएर सरकार अगाडि बढ्नु जरूरी छ । खासमा राष्ट्रिय प्रजातन्त्र पार्टीले संशोधन प्रस्तावको आडमा सरकारमा आफ्नो सुनिश्चिता खोजेकोले उसको राजनीतिक भविष्य सुनौलो छैन र यसको परिणाम पार्टीले पहिलो र दोस्रो चरणको निर्वाचनबाट थाहा पाइसकेको छ ।

अब चार राजनीतिक शक्तिबीच सहमति कायम गर्ने र त्यसै आधारमा संविधान संशोधनको प्रस्तावलाई परिमार्जनसहित पारित भएको राजनीतिक निकास निस्कन सक्छ ।

## साताको सात बात



संविधान संशोधन बिना अहिलेकै अवस्थामा तेस्रो चरणको निर्वाचनमा सहभागी हुन सकिंदैन । संविधा संशोधनका लागि सत्तापक्षले दुई तिहाई मत पुऱ्याउन प्रयास त गरिरहेको छ तर नेकपा एमाले विगतदेखि नै हाम्रो मागको विपक्षमा रहेको छ यसको गम्भीर असर भविष्यमा देखिनेछ । **महन्थ ठाकुर, अध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**



मधेशवादी दलहरूसँग एमालेको कुनै पूर्वाग्रह छैन, तेस्रो चरणको निर्वाचनभन्दा पहिले संविधान संशोधन हुने कुनै सम्भावना छैन । अहिलेको सत्तापक्षले जस्तो मधेशवादी र संविधान संशोधन देखाएर शासन गर्ने पक्षमा हामी छैनौं, हामीले चुनावपछि छलफल गर्नुपर्छ भनिरहेका छौं । **ईश्वर पोखरेल, महासचिव, नेकपा एमाले**



नयाँ शक्ति र संघीय समाजवादी फोरमको विचमा भागबण्डा नमिलेर एकीकरण नभएको होइन । पार्टी एकताको प्रक्रियामा भन्नासाथ सबै कुरा मिल्छ भन्ने छैन । पार्टी भनेको व्यक्तिको एकता होइन । समग्र नीति, सिद्धान्त र विचारको पनि एकता हो । **राजेन्द्र श्रेष्ठ, सह-अध्यक्ष, संघीय समाजवादी फोरम**



पुराना पार्टीले अधिकारको लडाइँ लडिरहेको थियो भने अबका दिनमा विवेकशील साझाले सम्बृद्धिको लडाइँ लड्छ, हामी नष्ट हुन्छौं तर भ्रष्ट हुँदैनौं । स्थानीय चुनावमा काठमाडौं महानगरले मुहार फेर्ने मौका गुमायो अब देशले मुहार फर्ने मौका नगुमाओस् । **रविन्द्र मिश्र, नेता, विवेकशील साझा पार्टी**



'नेपाल-भारत सम्बन्ध सांस्कृतिक र जनस्तरमा मात्र नभई ऐतिहासिक हो,' नेपालको आन्तरिक राजनीतिक विषयमा भारतको चाहना रहँदैन, विन-विन विकास सहकार्य नै अहिलेको आवश्यकता हो । **मन्जिभसिंह पुरी, नेपालका लागि भारतीय राजदुत**



सबैको आधारभुत आवश्यकता परिपूर्ति गर्न सक्ने गरी भूमि नीति ल्याउने छु । मुक्त कमैया, सुकुम्बासी, कमलरी, हरूवा, चरूवा लगायतको आधारभुत आवश्यकता पुरा गर्दै ठूला व्यवसायका समस्या पनि समाधान गर्ने मेरो योजना छ । **गोपाल दहित, भूमिसुधारमन्त्री**



संविधान संशोधन नभएसम्म चुनावमा भाग लिदैंनौ भन्नु नै राजपा नेपालका लागि गलत भयो । 'यो चार बुँदे संविधान संशोधन विधेयक प्रस्ताव पारित भयो भने के मधेशको सबै समस्या समाधान हुन्छ ? त्यसपछि मधेशले आन्दोलन वा कुनै प्रकारको संघर्ष गर्नु पर्दैन ? **मनिष सुमन, महासचिव, राष्ट्रिय जनता पार्टी नेपाल**

*प्रस्तुती : संगीता रेग्मी*

# मधेशमा विकास बजेट र भ्रष्टाचार

मधेशमा बजेटको अवस्था

मधेशको जनसंख्या, मानव विकास सूचकांक आदिको अवस्थालाई मध्यनजर गर्दै मधेशका लागि जुन बजेट छुट्याइन्छ, त्यो बजेट असाध्यै न्यून छ । नेपालमा कूल बजेटको लगभग एक तिहाई पुँजीगत बजेट रहेको अवस्था हो । त्यो एकतिहाई बजेटमध्ये पनि लगभग ६० प्रतिशत वैदेशिक सहयोग अथवा ऋणको भार रहेको अवस्था छ । कूल बजेटमध्ये लगभग १७ देखि २३ प्रतिशत मात्र मधेशलाई छुट्याइने गरिएको अवस्था हो । त्यहाँको जनसंख्याको आधार, मानव विकास सूचकांकको आधार आदि-इत्यादि विभिन्न इन्डिकेटर्सलाई विचार गर्ने हो भने मधेशमा बजेट असाध्यै न्यून छ ।

एक त सरकारले मधेशका लागि अति न्यून बजेट छुट्याउने गरेको छ र त्यसमा पनि आएको बजेट पूर्णरूपमा खर्च हुने गरेको छैन । अति न्यून बजेटमध्ये खर्च नै नभई फ्रिज हुने गरेको अवस्था पनि रहेको छ । यो समस्या समग्र नेपालकै देखिएको छ । सञ्चार माध्यममा आएअनुसार कूल पुँजीगत बजेटको लगभग १७ प्रतिशत बजेट मात्र खर्च भएको अवस्था रहेको छ । विकास बजेटको धेरैभन्दा धेरै अंश खर्च नभई फ्रिज हुने जुन अवस्था हो यो अवस्था सम्पूर्ण नेपालमा यथावत छ ।

### पुँजीगत बजेट खर्च कम हुँदा फ्रिज

सम्पूर्ण नेपालकै अवस्था हेर्ने हो भने विगतको अवस्था मूल्यांकन गर्ने हो अहिले पुँजीगत बजेट खर्च कम हुने गरेको छ । त्यसकारण मधेशमा पनि खर्च कम हुनु स्वाभाविकै हो । यसरी बजेट खर्च नहुने मुख्यतया तीन कारणहरू छन् :

१) लगभग २० वर्ष स्थानीय तहमा हाम्रा जनप्रतिनिधिहरूको उपस्थिति रहेन । जनप्रतिनिधि नहुँदा खर्चको आँकडा स्वाभाविकरूपमा घट्नु विश्वव्यापीरूपमा भइरहेको छ ।

२) सार्वजनिक खरिद ऐन जसलाई असाध्यै जटिल बनाइयो ।

३) अख्तियार दुरूपयोग अनुसन्धान आयोगका कारण जुन विभिन्न क्रियाकलापहरूले यसले गर्दा पनि विकास बजेट खर्चमा असर पारेको हो ।

यी तीनवटा कारणले विकास बजेट पूर्णरूपमा खर्च हुन सकिरहेको छैन । खर्च गर्दा भ्रष्टाचार हुन्छ र अख्तियारद्वारा समातिन्छ भन्ने डर हुन्छ । किनभने अहिलेको वर्तमान अवस्थालाई हेर्ने हो भने निश्चितरूपमा कुनै पनि कार्यालयको नियन्त्रणमा आर्थिक अवस्था जति हुनुपर्ने हो त्यति छैन । कर्मचारीहरूलाई कतै न कतै राजनीतिकरूपमा संरक्षण भइरहेको हुन्छ । जसकारण कर्मचारीहरू कार्यालय प्रमुखहरूको पहुँचभन्दा पनि अगाडि बढिसकेका हुन्छन् । जस्तै, जिल्ला विकास कार्यालयमा सबभन्दा बढी विकास बजेट जान्छ, अहिलेको वर्तमान



डा. उमाशंकर प्रसाद

> स्थानीय तहमा स्थानीय सरकार हुन्छ भने र त्यहाँ संरचनात्मक मिलेको छ भने भ्रष्टाचार घट्छ । किनभने त्यहाँ प्रत्यक्षदर्शीहरू हुन्छन् । जब केन्द्रबाट स्थानीय तहमा बजेट जाँदा सबैलाई थाहा हुँदैन तर, स्थानीयस्तरबाट काम हुन थालेपछि यो-यो कामका लागि यति बजेट आयो भन्ने कुरा सबैले थाहा पाउँछन् ।

अवस्थामा । त्यहाँका इन्जिनियर, लेखापाल लगायतको पहुँच प्रमुखभन्दा बढी राजनीतिकरूपमा हुने गरेको छ । एलडिओभन्दा त्यसमातहतमा कार्य गर्ने कर्मचारीहरू राजनीतिक आबद्धता बढी भइसकेपछि एलडिओको कुरा नटेर्ने, भ्रष्टाचार गरियो भने उसलाई राजनीतिक संरक्षण भइरहेको हुन्छ । यस्तो अवस्थामा स्वाभाविकरूपमा अराजकता बढ्छ ।

### राजनीतिक हस्तक्षेपका कारण भ्रष्टाचारमा वृद्धि

अहिले भर्खरै आन्तरिक राजस्व विभागका महानिर्देशक समातिएका छन् । समाचार माध्यममा आएका कुराहरूलाई आधार मान्दा के बुझिन्छ भने त्यहाँ राजनीतिक हस्तक्षेपको कारणले यो घटना भएको स्पष्ट छ । भनेपछि, अहिले नेपालको जुन राजनीतिक संयन्त्र छ, राजनीतिकर्मीले त्यसलाई पेशा बनाएर अगाडि बढिरहेको अवस्था हो ।

जति बजेट जान्छ त्यसबाट कति खर्च भयो, के-केमा खर्च भयो भन्ने कुराको छानबिन गर्ने नेपालका सरकारका थुप्रै निकायहरू छन् । त्यसको अनुगमन गर्ने निकायहरूले जुन क्रियाकलाप गरेको देखिन्छ, त्यहाँ पनि प्रश्नचिन्ह खडा भएको छ । जब जवाहरलाल नेहरू भारतको प्रधानमन्त्री हुने क्रममा उहाँले भन्नुभएको थियो कि '१० रूपैयाँ भारत सरकारले छुट्याउँदा एक रूपैयाँ मात्रै जनसम्म पुग्छ । यो परिपाटिको अन्त्य नभएसम्म भारतको विकास सम्भव छैन ।' आजभन्दा धेरै पहिले जवाहरलाल नेहरूजीले भन्नुभएको थियो । यही कुरा अहिले नेपालमा भइरहेको छ । जनतासम्म नपुग्ने र बीचमै हराउने । अब कति हराउँछ, कसरी हराउँछ भन्ने कुरा अनुसन्धानकै विषयवस्तु हो । छर्लङ्ग भएपनि अब विषयवस्तु चाँही अनुसन्धानकै छ ।

यो अवस्थालाई अन्त्य गर्नका लागि सबैभन्दा प्रमुख कुरो राजनीति इच्छाशक्ति चाहिन्छ । राजनीतिज्ञले म राजनीतिकर्मी होइन म राजनीतिज्ञ हो भन्ने कुराको भावना आउनुपऱ्यो । उहाँहरूले धेरैभन्दा धेरै राज्यका लागि र थोरै आफ्नो स्वार्थका लागि काम गर्नुपऱ्यो । आफ्नो स्वार्थ विल्कुलै त्याग्न त कसैले सक्दैन, अहिलेको युगमा । तर, अहिलेको वर्तमान अवस्थामा राजनीतिज्ञहरूको जुन उद्देश्य हेर्दा व्यक्तिगत स्वार्थ र राज्यको स्वार्थलाई हेर्ने हो भने व्यक्तिगत स्वार्थको भार धेरै छ । त्यो भारलाई कम गर्नुपऱ्यो ।

अर्को कुरा, स्थानीय तहमा अहिले जनप्रतिनिधिहरू आएका छन् । जनप्रतिनिधिलाई काम गर्नका लागि संरचनात्मक अवस्था सिर्जना गर्नुपऱ्यो । जस्तै अहिले भर्खरैको अवस्था हेर्ने हो भने स्थानीय स्तरमा गाउँपालिकामा शाखा अधिकृत प्रमुख हुने र नगरपालिकामा उपसचिव प्रमुख हुने प्रावधान राखियो । गाउँपालिकाको हकमा शिक्षाका उपसचिवले म शाखा अधिकृतको तल बसेर काम गर्न सक्दिँन, कनिष्टको तल वरिष्ठ बस्न मिल्दैन जस्ता कुराहरू आए । भनेपछि संरचनात्मकरूपमा अहिले जुन एउटा खाका कोरियो, त्यो खाका पनि मिलाएर सुहाउँदो बनाउनुपऱ्यो ।

### जनप्रतिनिधि आउँदा भ्रष्टाचार कम हुने

करिब २० वर्षदेखि स्थानीय तहमा कर्मचारीतन्त्रले काम गरिरहेको थियो तर, अहिले स्थानीय तहको निर्वाचनपश्चात् जनप्रतिनिधिले काम गर्छन् । कर्मचारीतन्त्रले जति भ्रष्टाचार मच्चाएको थियो त्यसको तुलनामा जनप्रतिनिधिले कम भ्रष्टाचार गर्छ भन्न सकिन्छ । भ्रष्टाचार हुँदै हुँदैन भनेर भन्न त सकिन्न तर, पहिलाको भन्दा अलि कम हुन्छ । यो विश्वको अनुभव हो । स्थानीय तहमा स्थानीय सरकार हुन्छ भने र त्यहाँ संरचनात्मक मिलेको छ भने भ्रष्टाचार घट्छ । किनभने त्यहाँ प्रत्यक्षदर्शीहरू हुन्छन् । कति पैसा आयो, कति पैसा खर्च भइरहेको छ सबै कुरा निगरानी हुन थाल्छ । जब केन्द्रबाट स्थानीय तहमा बजेट जाँदा सबैलाई थाहा हुँदैन र तर, स्थानीयस्तरबाट काम हुन थालेपछि यो-यो कामका लागि यति बजेट आयो भन्ने कुरा सबैले थाहा पाउँछन् ।

अब केन्द्रबाट सिधै खर्च हुने मात्रामा कमी आउँछ र गाउँपालिका र नगरपालिकास्तरबाट बढ्छ । यसभन्दा अगाडि पनि स्थानीय तहमा राजनीतिक दलका प्रतिनिधिहरू थिए तर, अहिले जुन निर्वाचित जनप्रतिनिधि आउँछन् उसलाई के डर हुन्छ भने अर्को चुनावमा कसरी जित्ने भन्ने डर हुन्छ । त्यसकारण निर्वाचित प्रतिनिधि आउनु र निर्वाचित प्रतिनिधिको रूपमा काम गर्नु भनेको दुईटा फरक फरक कुरा हो ।

अर्को कुरा, नेपालमा भ्रष्टाचारीलाई कारबाही गर्ने कानूनमा समस्यामा छैन । हामीसँग कानून प्रशस्त छ । मुलुकी ऐनदेखि लिएर अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत छन् । समस्या कहाँ छ भने जब राज्यलाई नेतृत्व गर्ने व्यक्ति, कुनै कार्यालयलाई नेतृत्व गर्ने व्यक्ति अथवा कुनै विभागलाई नेतृत्व गर्ने व्यक्तिले यदि तटस्थ भएर दह्रो साथ खुट्टा जमाएर बस्यो भने तलका मान्छेलाई भ्रष्टाचार गर्ने हिम्मत नै आउँदैन ।

### नीतिगत भ्रष्टाचार कसरी अन्त्य गर्ने ?

हामीले भ्रष्टाचारसम्बन्धी कुरा गर्दा तीवटा कुरा आउँछ । एउटा ट्रायड हुन्छ । तीन जनाको मिलेमतोमा कुनै पनि देशमा भ्रष्टाचार हुने गरेको छ । एउटा भनेको राजनीतिज्ञ, दोस्रो कर्मचारीतन्त्र र तेस्रो व्यावसायिक समुदाय हुन् । यी तीनवटाको ट्रायडबाट भ्रष्टाचार अगाडि बढ्ने हो । यी तीनवटाको संयन्त्रलाई चेक र ब्यालेन्स गर्नुपर्छ । जस्तै, व्यापारीबाट गरिएको क्रियाकलापहरूलाई राजनीतिज्ञले चेक एण्ड ब्यालेन्स गर्छ, राजनीतिज्ञले गरेको क्रियाकलापहरूलाई ब्युरोक्रेसीले चेक एण्ड ब्यालेन्स गर्ने । जुनमा यी तीनवटाको मिलनविन्दू भएर भ्रष्टाचार सुरू हुन्छ, त्यसलाई कुनै हालतमा रोक्न सकिँदैन । यदि यी तीनवटा संयन्त्रलाई भ्रष्टाचार गरेरै अगाडि बढ्ने जब नीति हुन्छ, त्यसपछि कसैले वा कुनै कानूनले केही गर्दैन ।

### भ्रष्टाचार नियन्त्रण गर्न भारतबाट सिक्नुपर्ने

सन् १९४७ मा छिमेकी मित्रराष्ट्र भारत स्वतन्त्र भएको हो । त्यसपछि अहिलेसम्मको इतिहासलाई अध्ययन गर्ने हो भने भारतमा विभिन्न किसिमका राजनीतिक चेतनाहरू, लोकतान्त्रिक प्रणालीहरूको सुरूआत भयो । उहाँहरूले लोकतान्त्रिक अभ्यास अगाडि बढाउनुभयो । मोदी सरकार आएपछि त यतिसम्म लोकतान्त्रिक अभ्यास भयो कि अहिले भ्रष्टाचार गर्नेहरू कति सजग छ भनी हामी हेर्न सक्छौं ।

नेपालको राजनीतिक अवस्था पनि अलिकति कमजोर नै रह्यो । किनभने राणा शासनमा एकतन्त्रीय शासन थियो । शाह शासन आयो, राजतन्त्र आयो, राजतन्त्र पनि लामो समयसम्म चल्यो नेपालमा । त्यसपछि प्रजातन्त्रको पुनर्स्थापना भयो । यी राजनीतिक जुन उथलपुथल भइरहेको छ, अहिलेसम्म स्थिर हुनसकेन । जब-जब राजनीति अस्थिर हुन्छ, त्यो अवस्था भ्रष्टाचारका लागि उचित समय हो । कुनै पनि देशमा जब-जब राजनीति उथलपुथल हुन्छ त्यो बेलामा भ्रष्टाचार गर्नेहरू अगाडि आउँछन् ।

*(अर्थविद् डा. उमाशंकर प्रसादसँग मधेशवाणी रेडियो कार्यक्रममा गरिएको कुराकानीको सम्पादित अंश)*

# युवा शक्ति पलायनबारे 'यस'को छलफल

काठमाडौं । प्रत्येक शनिबार नियमित रूपमा मधेश मिडिया हाउसमा छलफल तथा बिचार बिमर्श कार्यक्रम आयोजना गर्दै आएको यस (युथ इङ्गेजमेन्ट अन सटरडे)ले शनिबार १५औं शृङ्खलामा 'युथ माइग्रेशन इन नेपाल' भन्ने विषयमा ब्रबिम केसीसँग छलफल गरेको छ । कार्यक्रममा विभिन्न संकायका ३० जान विद्यार्थीहरूको उपस्तिथि रहेको थियो । कार्यक्रमको संचालक तथा उद्घोशक यसका आध्यक्ष बिकाश कुमार गुप्ताले गरेका थिए ।

कार्यक्रममा बोल्दै ब्रबिम केसीले माइग्रेसनको ऐतिहासिक पक्ष केलाउँदै माइग्रेसनले पारेको असरहरू माथि आफ्नो तर्क प्रस्तुत गरेका थिए । नेपालमा माइग्रेसन कसरी सुरू भयो र यसको बर्तमान आवस्थामा पर्न सक्ने असरहरू छर्लङ्ग पारेका थिए ।



*युवा पलायनबारे बहस गर्दै यसका प्रतिनिधिहरू ।*

आहिले रोजगारीमा गएको देशमा उनीहरूले भोग्नु परेको पीडा र आउने दिनमा रोजगारको क्रममा रहेको देशहरूमा अवसर समाप्त भएमा तेस्तो युवाहरूको अवस्था के कसो हुने प्रती आफ्नो चिन्ता व्यक्त गरे । आफ्नो कुरा राख्ने क्रममा केसीले केही रोचक तथ्यहरू सहभागीहरू बिच राखेका थिए । केसीका अनुसार नेपालमा बर्सेनी ६-७ लाख युवा बिदेशीन्छन् । जसमध्ये ७०५ मधेशी र त्यसैगरि ७५५ बिदेश जाने युवाहरू एसएलसी भन्दा कमको शिक्षा हासिल गरेका हुन्छन् ।

साथै आउने केही बर्षमा आफ्नै देशमा रोजगार सृजना गर्न सकिएन भने आउने दिनहरूमा यसले द्वन्द निम्त्याउँछ र सम्बन्धित पक्षले समयमै यो समस्या प्रती जिम्मेवार हुनलाई आग्रह समेत गरे ।

यसले युवा सशक्तिकरणका लागि प्रत्येक शनिबार कार्यक्रम गरिरह्ने युवाहरूलाई सकारात्मक दिशा दिने प्रतिबद्धता जनाए । उसले आयोजना गर्ने कार्यक्रममा आउने दिनहरूमा पनि सहभागीहरूलाइ सहभागिता जनाउन आग्रह गर्दै कार्यक्रमको समापन गरिएको थियो ।

# नयाँ शक्तिसँगको एकता प्रक्रिया भंग भएको छैन



हेमराज राई

उपाध्यक्ष

संघीय समाजवादी फोरम, नेपाल

जुन राजनीतिक शक्तिले देशको समस्या समाधान गर्न सक्दैन, अब नयाँ वैकल्पिक शक्ति निर्माण नगरी हुँदैन भन्ने निष्कर्षका साथ माओवादीका एउटा समूह पार्टी छोडेर नयाँशक्ति निर्माण गऱ्यो र अहिले आएर फेरि त्यहीं पार्टीमा समाहित हुन्छ भन्ने मलाई लाग्दैन । हरेक राजनीतिक दलहरूभित्र विभिन्न विचारधारा र पृष्ठभूमि बोकेका नेताहरू हुन्छन् । त्यसैले विभिन्न किसिमका चर्चाहरू चल्ने गरेको हुन्छ ।

**o संघीय समाजवादी फोरम, नेपाल र नयाँशक्ति पार्टी नेपालबीचको एकता प्रक्रिया भंग भएकै हो ?**

– संघीय समाजवादी फोरम नेपाल र नयाँशक्ति पार्टीबीच एकता वार्ताको सुरूवात ठोसरूपमा दुवैतर्फबाट वार्ता समिति गठन गरेरै भइरहेको थियो । गत चैतको अन्तिम हप्ता र बैशाखको पहिलो हप्तासम्म पहिलो चरणमा वार्ता सम्पन्न भयो । त्यतिखेर नीति, कार्यक्रम, सिद्धान्त र संगठनात्मकसँग गाँसिएका विषयहरूमा समान धारणा बनाउने कामहरू भयो । प्राविधिक कुराहरू मिलाउनका लागि हामीले फेरि अर्को चरणमा वार्ता गरिरहेका थियौं । पार्टी एकतासँग गाँसिएका विषयहरूको मूल पक्ष पनि नीति, विचार, कार्यक्रम, नेतृत्व निर्माण र पार्टी पंक्तिहरूलाई समायोजन गर्ने यो एउटा जटिल प्रक्रिया पनि हो । यी कुराहरूमा सहमति भइसकेपछि पार्टी एकताको घोषणा हुने परिस्थिति बन्दै थियो । अहिले आएर नेतृत्व, झण्डा र नामसँग गाँसिएको विषयहरूमा धेरै समानताहरू रहेका छन् । फोरम नेपालको तर्फबाट यस सन्दर्भमा प्रस्तावहरू गएको छ । त्यो प्रस्तावलाई वार्ता समितिमा परिमार्जन गरेर जुन तय गरिएको थियो त्यो उहाँहरूको केन्द्रीय कार्यकारिणी समितिको बैठकमा कुरा राख्छौं र त्यसपछि खबर गर्छौं भनेर उहाँहरूले भन्नुभएको छ । कुरो त्यतिमात्रै हो । तर, सञ्चारमाध्यमहरूमा स्थगित भयो वार्ता, अहिले नहुने भयो भन्ने ढंगले जुन कुराहरू आएका छन् त्यो वास्तावमा हामीसँग गरिएको औपचारिक कुरा पनि होइन ।

**o भनेपछि तपाइँहरूसँग अहिले औपचारिकरूपमा एकीकरण हुने वा नहुने केही कुरा भएको छैन ?**

– नयाँशक्ति पार्टीको दुई दिनको केन्द्रीय कार्यकारिणी समितिको बैठकपछि उहाँहरूको खबर आउँछ भनेर हामी प्रतिक्षारत् छौं ।

**o नयाँशक्ति पार्टीको बैठक त सकिसकेको छ, केही खबर आएको छ ?**

– हाम्रो वार्ता टोलीका संयोजक सहअध्यक्ष राजेन्द्र श्रेष्ठजी हुनुहुन्छ, उहाँले हामीहरूलाई जानकारी गराउनुभएको छैन । अहिले हाम्रो बैठक बस्दैछ ।

**o तर, नयाँशक्ति पार्टीका वार्ताटोली सदस्य रामकुमार शर्माले फोरमसँगको एकीकरण प्रक्रिया तत्कालका लागि स्थगित भएको र माओवादी केन्द्रसँग हुने सम्भावना रहेको प्रष्ट्याउनु भएको छ नि ?**

– नयाँशक्ति पार्टीका वार्ता टोली सदस्य रामकुमार शर्माजीले यस्तो कुरा भन्नुभएको छ भने हामीले भन्नु केही छैन । तर, हामीसँग औपचारिकरूपमा गरिएको कुरा यो पनि हो उहाँहरूको बैठकपछि जानकारी गराउने भनेर ।

**o भनेपछि, तपाइँहरूलाई जानकारी नै नदिइकन नयाँशक्ति पार्टीले माओवादी केन्द्रसँग एकताका लागि कुरो चलाइरहेको छ ?**

– त्यस्तो पनि होइन । पछिल्लोचोटि संविधान निर्माणको प्रक्रियादेखि अहिलेसम्म नेपाली उत्पीडित जाति, क्षेत्र, वर्ग, लिङ्गहरूको उत्पीडन अन्त्य गर्ने दिशामा संविधान निर्माण हुनुपर्छ, त्यो ढंगले संघीयता हुनुपर्छ भन्ने जुन खालको आन्दोलनहरू चल्यो, ती आन्दोलनहरूलाई बेवास्ता गरी जुन अहिले संविधान जारी भयो त्यसले नेपालको अहिलेको समस्यालाई समाधान गर्न सक्दैन । त्यसो भएको हुनाले एउटा नयाँ वैकल्पिक शक्तिको निर्माण गर्नुपर्छ भन्ने खालको सोचमा नयाँ शक्ति आएको हो । वैकल्पिक नयाँ शक्ति निर्माण गर्ने पक्षमा नयाँशक्तिका संयोजक डा. बाबुराम भट्टराई र वार्ता समितिका सदस्यहरू विश्वस्त हुनुहुन्छ कि हाम्रो एकताले मात्रै एउटा वैकल्पिक शक्ति निर्माण गर्ने दिशामा देशलाई लानसक्छ । त्यसो भएको हुनाले रामकुमार शर्माजीले भन्नुभएको कुरा गलतै हो भनेर त म भन्न सक्दिनं । तथापि पनि औपचारिकरूपमा हामीलाई त्यस्तो जानकारी आएको छैन ।

**o तर, उहाँले रेडियो अन्तर्वार्तामै यस्तो कुरा भन्नुभएको हो नि ?**

– ठिक छ, उहाँ एउटा केन्द्रीय नेता हुनुहुन्छ । उहाँले भन्नुभएको होला । तर, हामीले यसबारे औपचारिक खबर आएको छैन ।

**o नेतृत्वकै विषयमा कुरा नमिलेर एकता वार्ता स्थगित भएको हो भन्ने सुनिन्छ नि ?**

– म वार्ता समिति सदस्य भएको नाताले वार्ताको छलफलमा कुराकानी हुँदा नेतृत्वमा डा. बाबुराम भट्टराईलाई संयोजक बनाउने र पार्टीको अध्यक्ष उपेन्द्र यादवलाई नै बनाउने भन्ने कुरामा सहमति भइसकेको कुरा हो । डा. भट्टराई पार्टीको एउटा सम्मानजक नेताको रूपमा हैसियत दिने र पार्टीको समग्र विकास, एकता, अन्तर्राष्ट्रियस्तर ख्याति, समृद्ध गर्ने सन्दर्भमा मुख्य जिम्मेवारी, पार्टी नीति, विचार, कार्यक्रम, सिद्धान्त, प्रशिक्षण लगायतका विषयहरूमा महत्वपूर्ण भूमिका खेल्नुहुने भन्ने सहमति भइसकेको थियो ।

**o त्यसो भए, नेतृत्वकै लागि एकता वार्ता स्थगित भएको होइन ?**

– वार्ता समितिमा म भएको हुनाले नै यो कुरा मलाई थाहा छ । प्याकेजमा कुराकानी गर्दा उहाँहरूकै प्रस्ताव हो कि संयोजकलाई संयोजकै राखौं र अध्यक्षलाई अध्यक्ष नै राखौं । अध्यक्षजी पार्टीको नेताको रूपमा रहनुहुन्छ र संयोजकजी पार्टीको राष्ट्रिय, अन्तर्राष्ट्रिय ख्याति वृद्धि गर्ने सन्दर्भमा नेतृत्व गर्नुहुन्छ । त्यसो भएको हुनाले दुईटै नेतालाई सम्मान हुन्छ ।

**o कार्यकारीमा समस्या भयो भन्ने सुनिन्छ नि ?**

– पार्टी अध्यक्षको रूपमा उहाँहरूलाई राखिसकेपछि कार्यकारी अधिकार पार्टी अध्यक्षलाई नै हुन्छ ।

**o त्यसो भए, संयोजकको अधिकार के त ?**

– संयोजकको पनि निश्चित अधिकारहरू हुन्छ । उहाँ एउटा राष्ट्रिय नेताको रूपमा, राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा पार्टीको समृद्धि र ख्यातिलाई विकास गर्ने सन्दर्भमा । पार्टीका थुप्रै निकायहरू छन् सांगठनिक ढंगले, समानान्तर केन्द्रीय निकायहरू छन् । ती सबैको संयोजनकारी भूमिकामा उहाँ रहनुहुन्थ्यो । पार्टीको संयोजनकारी भूमिका मात्रै होइन, सिद्धान्त, नीति, कार्यक्रम, प्रशिक्षणलाई समेत अगाडि बढाउने अधिकार संयोजकको रहन्छ । पार्टी एकतालाई सुदृढ गर्ने सन्दर्भमा र अन्य देशका राजनीतिक दलहरूसँग पार्टीको सम्बन्ध विस्तार गर्ने सन्दर्भमा डा. बाबुराम भट्टराई जो संयोजक रहनुहुन्छ त्यो खालको अधिकार रहन्छ ।

**o त्यो अधिकार त संयोजकलाई भयो, तर अध्यक्षलाई के अधिकार रहन्छ ?**

– पार्टीको संगठनात्मक नेताको रूपमा, दैनिक कार्य सम्पन्न गर्ने नेताको रूपमा अध्यक्षको जिम्मेवारी रहन्छ । पार्टीको बैठक सञ्चालन गर्ने जिम्मेवारी पार्टी अध्यक्षले गर्छन् । पार्टीभित्रका संगठनात्मक कार्यकारी नेताको रूपमा अध्यक्ष र केन्द्रीय संयन्त्र, केन्द्रीय निकाय र राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको ख्याति अभिवृद्धि गर्ने सन्दर्भमा संयोजकको भूमिका रहन्छ ।

**o तर, यही कुरामा नयाँशक्ति पार्टीका नेताहरूको चित्त बुझेन भन्ने कुरा आइरहेको छ नि ?**

– त्यो त नबुझ्न पनि सक्छ । यो एउटा हाम्रो प्रस्ताव मात्र थियो । प्रस्तावको सन्दर्भमा छलफल चलेर यी कुराहरू आयो र उहाँहरूले केन्द्रीय समितिको बैठकमा राख्छौं र निर्णय लिन्छौं भनेर उहाँहरूले भन्नुभएको थियो ।

**o नयाँशक्ति पार्टीले फोरमभन्दा पनि माओवादी केन्द्रलाई बढी प्राथमिकता दिन थालेको देखिन्छ नि ?**

– जुन राजनीतिक शक्तिले देशको समस्या समाधान गर्न सक्दैन, अब नयाँ वैकल्पिक शक्ति निर्माण नगरी हुँदैन भन्ने निष्कर्षका साथ माओवादीका एउटा समूह पार्टी छोडेर नयाँशक्ति निर्माण गऱ्यो र अहिले आएर फेरि त्यहीं पार्टीमा समाहित हुन्छ भन्ने मलाई लाग्दैन । हरेक राजनीतिक दलहरूभित्र विभिन्न विचारधारा र पृष्ठभूमि बोकेका नेताहरू हुन्छन् । त्यसैले विभिन्न किसिमका चर्चाहरू चल्ने गरेको हुन्छ । त्यसो भएको हुनाले नेतृत्वले नै त्यस्तो खालको निर्णय गरिसकेको होला भन्नेमा म विश्वस्त छैन ।

**o नयाँशक्ति र फोरमबीच एकताबारे जनतामा रहेको अन्योलतालाई प्रष्ट पारिदिए हुन्थ्यो नि ?**

– यस विषयमा नयाँशक्ति पार्टीको बैठक पनि भएकै हो र हाम्रो बैठक चलिरहेको छ । उहाँहरूले एकता प्रक्रिया भंग गरिसक्नु भएको छ भने प्रष्ट पार्नुहोला र त्यसपछि हामी पनि आफ्नो निर्णय गर्ने नै छौं । म फोरमको वार्ता टोली सदस्य भएको हुनाले मैले नयाँशक्तिका नेताहरूसँग सोध्दा वार्ता भंग गरेकै छैन, हाम्रो वार्ता जारी नै छ भन्ने कुरा भन्नुभएको छ । त्यसैले बाहिर के कुरा आयो, कसरी आयो भन्ने कुरामा नगएर हामीले जुन तहमा कुराकानी राखेका थियौं त्यहीं तहको बारेमा बुझ्नुस् भनेर उहाँहरूले भन्नुभएको छ ।

**o नयाँशक्ति, फोरम र माओवादीबीचको एकता कतिको सम्भावना छ ?**

– हामी माओवादीसँग एकता प्रक्रियाबारे कुरै चलाएका छैनौं । यो सन्दर्भमा फोरमले अहिलेसम्म सोचेको छैन ।

# फोरम नेपालसँगको एकीकरण प्रक्रिया स्थगन भएको छ

हामीले कसैसँग मिसिने कुरा गरेका छैनौं । हामी विचार, राजनीति, नीति, सिद्धान्त मिल्नेहरूसँग एकता गर्ने र परिवर्तनकारी शक्तिहरूसँग मोर्चाबन्दी गरेर जाने सोचमा छौं । त्यसकारण फोरमसँग हामीले एकताका कुरा गऱ्यौं । हामीबीच धेरै कुरा मिलिसकेका छन् । तर, केही प्राविधिक विषयले एकीकरणको कुरा अड्किएको मात्र हो । तत्काललाई एकीकरण प्रक्रिया स्थगित भएको हो ।



रामकुमार शर्मा

नेता, नयाँ शक्ति पार्टी नेपाल

**o नयाँ शक्ति पार्टी र फोरम नेपालबीच एकीकरणको कुरा केही महिनादेखि चलिरहेको थियो । तर, यसबीचमा फोरमसँगको एकीकरणभन्दा पनि नेकपा माओवादी केन्द्रसँगको एकीकरणको कुरा बढी चर्चामा आएको छ । के रहेछ कुरो ?**

– स्थानीय तहको निर्वाचनले जनता फेरि पुरानो ठाउँमा अर्थात नेपाली कांग्रेस र नेकपा एमालेतिर गएको कुरा देखाएको छ । जसले गर्दा नयाँ नेपाल बनाउन चाहने जनता र परिवर्तनकारी शक्तिलाई दुःखी तुल्याएको छ । माओवादी पार्टी यो देशको सबैभन्दा अग्रगामी पार्टी हो । केही कमि कमजोरीका बाबजुद माओवादी अहिले पनि परिवर्तनकारी शक्ति नै हो । पार्टीभित्रको विभाजन, सत्ता लोलुपता, जनताको चाहनाविपरीत हिड्नुलगायत कारणले माओवादीको देशभर यस्तो हालत भयो । त्यस्तै, काम मधेशकेन्द्रित दलहरूमा पनि भयो । उनीहरू पनि सत्ताका लागि धेरै विभाजित बने । जनताका हितविपरीत कार्य गरे । त्यसकारण अहिले नेपालको राजनीतिमा माओवादी नै परिवर्तनकारी शक्ति हो । परिवर्तनका मूख्य एजेण्डा गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशीलगायतलाई नेतृत्व दिने यिनै पार्टी हुन् । तर, यिनै पार्टीले गरेका गल्तीका कारण जनताले दुःखी भएर फेरि नेपाली कांग्रेस र एमालेलाई मत दिए । यो हाम्रो निष्कर्ष हो । अब यसको विकल्प भनेको आफूलाई रूपान्तरण गर्ने, सच्याउने, जनतासँग माफी माग्ने नै हो । विचार मिल्नेसँग एकता गर्ने र परिवर्तनकारी शक्तिहरूसँग मोर्चाबन्दी गर्ने निष्कर्षमा हामी पुगेका छौं । यसरी हामी नीति बनाउँदा अरू पार्टीभन्दा संघीय समाजवादी फोरम नेपाल धेरैनजिक छ । फोरम नेपाल विचार, राजनीति, सिद्धान्तमा अरूभन्दा हामीसँग नजिक छ । त्यसकारण फोरम नेपालसँग हामीले एकताको प्रस्ताव गऱ्यौं । लामो समयदेखि हामी यो प्रक्रियामा छौं । यो प्रक्रिया समाप्त भएको छैन । हामीले तेश्रो चरणको चुनावअघि नै एकीकरण गर्ने पक्षमा थियौं । तर, यसमा केही बाधा अड्चन देखिएका छन् ।

**o त्यसो भए फोरमसँगको एकीकरण प्रक्रिया थाँती राखेर नेकपा माओवादी केन्द्रमा समाहित हुने हो ?**

– हामीले कसैसँग मिसिने कुरा गरेका छैनौं । हामी विचार, राजनीति, नीति, सिद्धान्त मिल्नेहरूसँग एकता गर्ने र परिवर्तनकारी शक्तिहरूसँग मोर्चाबन्दी गरेर जाने सोचमा छौं । त्यसकारण फोरमसँग हामीले एकताका कुरा गऱ्यौं । हामीबीच धेरै कुरा मिलिसकेका छन् । तर, केही प्राविधिक विषयले एकीकरणको कुरा अड्किएको मात्र हो । तत्काललाई एकीकरण प्रक्रिया स्थगित भएको हो ।

**o फोरम नेपालसँगको एकीकरण प्रक्रिया स्थगित भयो ?**

– तत्कालका लागि एकीकरण प्रक्रिया स्थगन भएको देखिन्छ । चुनाव अघि नै एकता गरौं भन्ने इच्छा थियो ।

**o फोरमसँगको वार्तामा तपाईं पनि सक्रिय हुनुहुन्थ्यो । एकीकरण प्रक्रिया किन स्थगित गर्नुपऱ्यो ?**

– म औपचारिक वार्ता टोलीमा नभए पनि एकीकरण हुनुपर्छ भन्ने विषय उठान गर्ने म नै थिएँ । एकीकरणका लागि म धेरै सक्रिय थिएँ । नयाँ शक्ति र फोरम नेपाल मिलेर नै वैकल्पिक शक्ति निर्माण हुने कुरा हाम्रो ठहर थियो । हामी नमिल्दा फेरि यो मुलुकमा यथास्थितिवादी शक्ति नै हाबी हुने हाम्रो ठहर थियो । म पर्दा पछाडि रहेर प्रारम्भदेखि नै वार्ताका लागि सक्रिय थिएँ । एकीकरण प्रक्रियालाई यहाँसम्म ल्याउनुमा मेरो महत्वपूर्ण भूमिका रह्यो ।

**o त्यसो भए फोरमसँगको एकीकरण प्रक्रिया रोकेर माओवादीसँग एकीकरण प्रक्रिया अघि बढाइएको हो ?**

– नेकपा माओवादी केन्द्रको बैठकले केही निर्णय सार्वजनिक गरेको छ । एकदमै लामो केन्द्रीय समिति भद्दा भएको कुरा नेकपा माओवादी केन्द्रले स्वीकार गऱ्यो । लामो केन्द्रीय समिति हुँदा हात्तीपाइले संगठन जस्तै भयो, यसलाई पुनर्गठन गर्नुको विकल्प थिएन । अब माओवादीले ९९ सदस्यमा झारेर केन्द्रीय समिति बनाउनुपर्ने निर्णय गरेको छ । दोश्रो, उसले यो देशको राजनीतिक स्थिरताका लागि र सही लोकतन्त्रका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्छ भन्ने कुरालाई फेरि आत्मसात गरेको छ । यो देशमा लामो समयदेखि प्रमुख कार्यकारी नभएर अस्थिरता कायम रहेको छ । माओवादीले मधेशी, आदिवासी जनजातिका मुद्दा उठाएर पछि छाडेको थियो, तर ती एजेण्डालाई पुनः उठाएको छ । जबसम्म देशमा स्थिर सरकार हुँदैन, तबसम्म देशलाई आर्थिक विकास र समृद्धिको बाटोमा लैजान सकिँदैन भन्ने कुरा माओवादीले पछिल्लो समयमा स्वीकार गरेको छ । माओवादीले प्रमुख कार्यकारीको कुरालाई मुख्य एजेण्डाका रूपमा उठाएको छ । यसका लागि सबै पार्टीसँग वार्ता गर्ने, आवश्यक परे आन्दोलन गर्ने भनेर माओवादीले भनेको छ । हो, नयाँ शक्तिको एजेण्डा पनि यही हो । त्यसकारण स्वभाविक रूपमा नयाँ शक्तिले माओवादीको यो कदमलाई सकारात्मक रूपमा लिएको छ । नयाँ शक्तिमा दुई वटा लाइन देखिएका छन् । एउटा, उपेन्द्रजीसँग एकता गरेर बाँकीसँग मोर्चाबन्दी गरेर अगाडि बढ्ने, यदि उपेन्द्रजी एकता गर्नुहुन्न भने नयाँ शक्तिले प्रचण्डजीसँग पनि कुराकानी गर्न सक्नुपर्छ । यी कुराहरू नयाँ शक्तिभित्र चलेको छ । एजेण्डा मिलेका कारण माओवादीसँग मोर्चाबन्दी हुने, भविष्यमा एकीकरण नै हुने हो कि भन्ने चर्चा चल्नु स्वभाविक हो । तर, अहिलेसम्म गम्भीर रूपमा यस विषयमा कुनै कुरा भएको छैन । विगतको कुरा गर्ने हो, माओवादीले लामो केन्द्रीय समिति बनाएर भद्दा पार्टी बनायो । जसको परिणाम स्थानीय चुनावमा भोगेको छ । माओवादीले अब बुझ्दै गएको छ कि यो पार्टीलाई राम्रो बनाउन सकिएन । माओवादी पार्टी हात्तीपाइले र भद्दा भयो, त्यसैले यसमा सुधार आवश्यक रहेको कुरा माओवादीले अब बुझेको छ । अर्को कुरा पछिल्लो समय नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डजीले अपिल गर्नुभएको छ, कि हामी सबै परिवर्तनकारी शक्ति मिल्नुपर्छ । यस्तो अपिल गरेपछि विद्रोह गरेर आएका हामीबीच यसविषयमा छलफल हुनु स्वभाविकै हो ।

**o स्थानीय चुनावमा माओवादी र नयाँ शक्ति दुवैले अपेक्षाकृत नतिजा ल्याउन सकेनन् । भनेपछि दुवै पार्टीलाई नजिक ल्याउने काम चुनावको परिणामले पनि गरेको हो ?**

– नेपाली कांग्रेस र नेकपा एमाले यथास्थितिवादी शक्ति हुन् । यी दलहरू कतिपय सवालमा प्रतिगामी पनि छन् । नेपाली कांग्रेस र नेकपा एमालेले यो मुलुकलाई निकास दिन सकेनन् । मुलुकलाई निकास दिने मुद्दाहरूप्रति ध्यान दिएनन् । तर, यही शक्तिलाई जनताले बढी मत दिएका छन् । त्यसैले अब परिवर्तनकारी शक्तिले पनि विगतमा गरेका गल्तीलाई सुधार गरी अगाडि बढेन भने यो देश २०४६ साल अघिको अवस्थामा पुग्छ । त्यसकारण अब परिवर्तनकारी शक्तिहरूले आफूलाई रूपान्तरण गरी नयाँ बन्नुपर्छ ।

**o यो मुलुकमा यथास्थितिवादी शक्तिहरूले के ीगर्न सकेनन्, पछिल्लो समयमा आएका परिवर्तनकारी शक्ति पनि बाटो बिराए भन्दै तपाईंहरूले नयाँ शक्ति गठन गर्नुभएको थियो । तर, नयाँ शक्तिले स्थानीय चुनावमा अपेक्षाकृत मत पाउन सकेन नि ?**

– स्थानीय तहको परिणामबाट हामी धेरै खुशी छैनौं । तर, यो परिणामलाई सन्तोषजनक नै मानेका छौं । नयाँ शक्ति गठन भएको एक वर्ष पनि भएको छैन । देशभर संगठन विस्तार गर्न सकिएको छैन । गाउँ र वडासम्म पार्टी विस्तार भइनसकेको अवस्थामा स्थानीय चुनावमा आएको परिणामलाई हामीले सन्तोषजनक नै मानेका छौं । अर्को, नेपालको राजनीतिमा पावर पोलिटिक्स चल्दै आएको छ । अर्थात, जसको सरकार हुन्छ, उसले शक्ति र पैसाको बल देखाउने गरेको छ । एउटा वडाभित्र उम्मेदवारले १०-१० लाख खर्च गरेका छन् । हाम्रो संयोजक डा. बाबुराम भट्टराई इमान्दार नेता हुनुहुन्छ । हामी भर्खर त पार्टी खोलेका छौं । हामी पैसाको खोलो बगाउन चाहँदैनौं । मलाई के लाग्छ भने हामी प्रतिकुल परिस्थितिमा चुनावमा गयौं । नयाँ संविधान बनेकोमा पहाडका जनता उत्सव मनाइरहेका थिए । यस्तो अवस्थामा संयोजक भट्टराईले भन्नुभयो, संविधानले दिएका अधिकारहरू सुरक्षित भए तर, तराई मधेशका जनता अझै असन्तुष्ट छन् । तिनीहरूलाई पनि विश्वासमा लिनका लागि संविधानमा संशोधन आवश्यक छ । त्यसकारण यो कुरालाई पहाडले मनपराइ दिएन । बाबुरामजी मधेशीसँग मिले भनेर पहाडका जनताले भन्न थाले । हामीले सबैलाई यो कुरा बुझाउन सकिरहेका थिएनौं ।

**o नयाँ पार्टी भएका कारण चुनावमा अपेक्षाकृत नतिजा ल्याउन नसकेको भनिरहनुभएको छ । त्यसो भए तत्कालै नपाईंहरू अन्य पार्टीसँग एकीकरणको कुरा किन गर्न थाल्नुभएको हो ?**

– हामी आत्तिएका होइनौं । हामी नयाँ विचार लिएर आएका छौं ।

**o तपाईंहरू फेरि पुरानै पार्टी माओवादीसँग मिल्ने कुरामा सकारात्मक देखिनुहुन्छ नि ?**

– नयाँ शक्ति पार्टीले जुन एजेण्डा ल्यायो । अहिले देशका सम्पूर्ण दलले आफ्नो घोषणा पत्रमा त्यहि एजेण्डा ल्याएका छन् । आर्थिक विकास र समृद्धि सबै पार्टीको एजेण्डा भयो ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# पहाड र हिमालमा आइएनजिओहरूको लगानी

| क्र.सं. | जिल्ला | प्रतिबद्धता (रु.) | खर्च (रु.) |
|---|---|---|---|
| १. | अछाम | १५६२८५८९५।- | ८१०७९११८।- |
| २. | अर्घाखाँची | ४७११८२७३।- | ३३०५७८९२।- |
| ३. | बाग्लुङ्ग | ९१३५४०५१।- | ७४५७१०७३।- |
| ४. | बागमती | १३०७६२५७४ ।- | ५६४२६७९८।- |
| ५. | बैतडी | ९७८३०९२०।- | ६३५७५५५०।- |
| ६. | भक्तपुर | ३०३६२९२१७।- | १३२३०३९५६ ।- |
| ७. | भोजपुर | ५३३४५३२७।- | ४१०९३२३५।- |
| ८. | डडेल्धुरा | ८३६८०२५४।- | ५४००९७२२।- |
| ९. | दैलेख | १४८०६९१७६ ।- | ८५३०७३५४।- |
| १० | धादिङ्ग | २५१०८१३४४।- | ९८६८९८२९।- |
| ११. | धनकुटा | ४४६५८६८२।- | ३६९७२६२२।- |
| १२. | धवलागिरी | ७२२५।- | ७४१३।- |
| १३. | डोटी | ९८५९६५३२।- | ६४५८०७७३।- |
| १४. | गोरखा | १४२३०७९१३ ।- | ५८३५५४२९।- |
| १५. | गुल्मी | ५६०२६९५५।- | ३९६४६८९८।- |
| १६. | इलाम | ३९७२५८०३।- | ३२८७०७७७।- |
| १७. | जाजरकोट | ९८३९०२८१।- | ६६६३३६७७।- |
| १८. | कास्की | ३३८८४१४६५।- | ७४२३४२७१।- |
| १९. | काठमाडौं | ५६७६६१०९६०।- | २४६५९३३४०।- |
| २०. | काभ्रेपलान्चोक | २७१४३९४२०।- | १६९२९८८२ ।- |
| २१. | खोटाङ्ग | ७६६२२२५२।- | ५७७४३३९१।- |
| २२. | ललितपुर | २२७९१६१५९।- | १२८९४१५४८।- |
| २३. | लम्जुङ | १३३८५०५२४ ।- | २६८३९४१९०।- |
| २४. | म्याग्दी | १८३३०३१०२ ।- | ७६५९९७३७।- |
| २५. | नुवाकोट | ४०३१४०८१८।- | १६०५१४२९७ ।- |
| २६. | ओखलढुंगा | १४३१४२४३१ ।- | ८११३३३८०।- |
| २७. | पाल्पा | ५५६५५२०३।- | ४३८८१५३९।- |
| २८. | पाँचथर | ७५२५९६९१।- | ५८६६३८०६।- |
| २९. | पर्वत | ६८६२९००८।- | ५७१६२३७०।- |
| ३०. | प्युठान | ९५०६४५९८।- | ६८०८१८४९।- |
| ३१. | रामेछाप | १४२७७०१२८ ।- | ९५९८७३६५।- |
| ३२. | रोल्पा | ८९२३९००३।- | ६४०४९३१५।- |
| ३३. | रुकुम | १४०९५३९३९ ।- | ५८३३३२२६।- |
| ३४. | सल्यान | ९०९१९८२१।- | ६२६६४४३३।- |
| ३५. | स्याङ्जा | ७९५१६२०७।- | ४७७५४८९१।- |
| ३६. | तनहुँ | ५५६९५१२६४।- | ७२७८०९७६।- |
| ३७. | तेह्रथुम | ५६४९९५९३।- | ४५६३६०६१।- |
| ३८. | बझाङ्ग | १०५९५४२२४ ।- | ५९२२०१६३।- |
| ३९. | बाजुरा | १८१८२०९५८ ।- | ६३७४०१९८।- |
| ४०. | दार्चुला | ७३६६८३८६।- | ४८८४५६९१।- |
| ४१. | दोलखा | १९५२२७२५२ ।- | ७६८९९१२८।- |
| ४२. | डोल्पा | ७१४६०४३६।- | ४७८९६६२०।- |
| ४३. | हुम्ला | १२२०७३६९५ ।- | ७११३८३२१।- |
| ४४. | जुम्ला | १०११६९६२६ ।- | ५७७२०३९०।- |
| ४५. | कालीकोट | १२८८०७८२३ ।- | ७१२३७१४६।- |
| ४६. | मनाङ्ग | ३५६१५६३९।- | ३१४६५७७८।- |
| ४७. | मुगु | १२७४६५५३२ ।- | ६९२४०६६६।- |
| ४८. | मुस्ताङ | २८८९६००२।- | २२७४२६२४।- |
| ४९. | रसुवा | १७६३५०६४७ ।- | ६९७२१४९४।- |
| ५०. | संखुवासभा | ७६९५५०५३।- | ५८४८९९७३।- |
| ५१. | सिन्धुपाल्चोक | २७१६९७३६५।- | १४६३५७६०३ ।- |
| ५२. | सोलुखुम्बु | १७३७५०९१० ।- | ७२६९६४७९।- |
| ५३. | ताप्लेजुङ | ७५०२७५०८।- | ५६४९१३२०।- |

## मधेश अपडेट

### "राजपाले चाहेको चुनाव चिन्ह पाउँदैन"



डा. अयोधिप्रसाद यादव

जलेश्वर । प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले राष्ट्रिय जनता पार्टी नेपालले चाहेको चुनाव चिन्ह नपाउने स्पष्ट पारेका छन् । उनले राष्ट्रिय जनता पार्टी नेपाल आयोगमा दर्ता भइसकेको जानकारी दिँदै तेस्रो चरणको निर्वाचनमा भने राजपाले चाहेको चिन्ह नपाउने स्पष्ट गरे । शुक्रबार महोत्तरीका विभिन्न कार्यालय प्रमुखहरूसँग भेटघाटका लागि पुगेका थिए । सोही क्रममा उनले राजनीतिक दल सम्बन्धी ऐन तथा स्थानीय तहको कानूनको कारणले निर्वाचनमा राजपाले चाहेको चिन्ह भने अहिले आयोगले नदिएको जानकारी गराए । उनले आगामी दिनमा हुने प्रदेशको निर्वाचन र प्रतिनिधिसभाको निर्वाचनको मिति घोषणा गरियो भने मतदाताहरू नाम दर्ता गर्न नपाउने भएकोले मिति घोषणा भन्दा अगाडि नै साउन महिनाभरि मतदाता नामावली संकलन कार्य अगाडी बढाइएको बताउँदै मतदाता नामावली संकलनमा छुटेकाहरूलाई दर्ता गराउन आग्रह समेत गरे । प्रदेश नं. २ को स्थानीय निर्वाचन तोकिएकै मितिमा असोज २ गते हुनेमा आफु विश्वस्त रहेको उनले बताए । उनले भने, 'स्थानीय निर्वाचनको मिति अब कुनै पनि हालतमा अगाडी सर्दैनन् र सोही मितिमा निर्वाचन हुनेमा हामीहरू आशावादी छौं ।' प्रदेश र प्रतिनिधिसभासमेतको निर्वाचन गराउन बाँकी रहेको र समय पनि कम रहेकोले मिति सार्दै जाँदा समस्या हुन सक्ने बताए । उनले सरकार, निर्वाचन आयोग र दलहरू पनि अहिले सकारात्मक रहेकोले तेस्रो चरणको निर्वाचन मिति नसर्ने दावी गरे । उनले विभिन्न कार्यालय प्रमुखहरूसँग भेटघाटको साथसाथै परिकौलीस्थित फस्ट राईफल गणमा राखिएको मतपत्रको निरीक्षण समेत गरेका थिए । उनले महोत्तरीमा निर्वाचन अधिकारी पिंकी रायले स्वागत गरेकी थिइन् ।

### प्रदेश नं. २ मा पनि एमाले पहिलो : नेपाल



माधवकुमार नेपाल

वीरगंज । नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले प्रदेश नं. २ को स्थानीयत तहको निर्वाचनमा पनि आफ्नो पार्टी पहिलो हुने दाबी गरेका छन् । उनले असोज २ गते हुने स्थानय तहको निर्वाचनमा नेकपा एमालेलाई जसरी भएपनि विजयी बनाउनु पर्नेमा जोड दिएका छन् । नेकपा एमाले वीरगंज महानगर समितिले नेशनल मेडिकल कलेज वीरगंजमा आयोजना गरेको नगरस्तरीय अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता नेपालले निर्वाचन लोकतन्त्रको प्राणवायु भएको बताए । पूर्व प्रधानमन्त्री समेत रहेका नेता नेपालले बिगतका दिनहरूमा नेकपा एमालेले माओवादी लगायतका पार्टीलाई जसरी चुनावमा सहभागी गरायो त्यसैगरी राजपालाई पनि चुनावमा सहभागी गराउने दाबी गरेका छन् । प्रदेश नं. २ र वीरगंज महानगरपालिकामा एकताबद्ध भएर पार्टीलाई जिताउनका लागि कार्यकर्ताहरूलाई निर्देशन समेत दिए । नेकपा एमाले सरकारमा रहेको बेला कृषि आधुनिकरण परियोजना, जनता आवास कार्जक्रम, बृद्धबृद्धाको लागि पेनशनको व्यवस्था, निजगढमा अन्तर्राष्ट्रिय बिमानस्थल, फास्ट ट्र्याक लगायतका विभिन्न अमुल्य कामहरू गरेकोले जनताले एमालेलाई विश्वास गरेको बताए ।

### सीमा क्षेत्रमा सुरक्षा गस्ती

नवलपरासी । दुवै देशको सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने उद्देश्यले नेपाल-भारत सीमा क्षेत्रमा संयुक्त सुरक्षा गस्ती गरिएको छ । नवलपरासीको गुठीप्रसौनीको सीमा क्षेत्रमा नेपाल र भारतका सुरक्षाकर्मीको संयुक्त गस्ती गरिएको हो । सीमा स्तम्भ संख्या ५०० देखि स्तम्भ संख्या ४९७ सम्म संयुक्त गस्ती गरिएको सशस्त्र प्रहरी बोर्डर आउटपोसट गुठी प्रसौनीले जानकारी दियो । सीमा सुरक्षाका लागि सशस्त्र प्रहरी बोर्डर आउटपोस्त गुठी प्रसौनी र सशस्त्र सीमा बल एसएसबी झुलनीपुरले संयुक्त गस्ती गरेका छन् । सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट गुठी प्रसौनीका सशस्त्र प्रहरी निरीक्षक पद्मबहादुर पुनको नेतृत्वमा रहेको गस्ती टोली र सशस्त्र सीमा बल एसएसबी झुलनीपुरको सशस्त्र प्रहरी निरीक्षक गजेन्द्रसिंहको नेतृत्वमा रहेको संयुक्त गस्ती टोलीले सो गस्ती गरेको हो । संयुक्त गस्ती टोलीमा नेपाल सशस्त्र प्रहरीबाट ११, सशस्त्र सीमा बल एसएसबीबाट पाँच र नेपाल प्रहरीबाट तीन जना सुरक्षाकर्मीको संयुक्त सहभागिता रहेको थियो ।

### हजारौं भक्तजनहरूद्वारा तौलेश्वरनाथ जलापर्ण

नारद कोहार, कपिलवस्तु । कपिलवस्तुको तौलिवामा जलापर्ण यात्रा सुरू भएको छ । तिथिअनुसार साउन महिनाको तेस्रो सोमबार तौलिहवास्थित प्राचीन तौलेश्वरनाथ महादेव मन्दिरमा हजारौ श्रद्धालु भक्तजनहरूले जलापर्ण गरेका छन् । भक्तजनहरूले बाणगंगा नदीको रामघाट (भागिरथी नदी) नदीमा स्नान गरी सो मन्दिरमा जलापर्ण गरेका हुन् । आइतबार राती नदी किनारमा भजन किर्तन, नाचगान गरि उनीहरूले महादेवलाई नदीको जल सोमबार विहान अर्पण गरेका थिए । जर्लापणका लागि जिल्लाको विभिन्न स्थानबाट हजारौको संख्यामा तिर्थालुहरू तौलिहवा आएका थिए । यस बर्ष तिथि अनुसार गत असार २५ गते गुरू पुर्णिमा देखि साउन महिना सुरू भएको थियो । साउनको तेस्रो सोमबार जलापर्ण यात्रामा भक्तजनहरूको ठुलो भीड लागेको थियो । आराध्य देव शिवको प्यारो महिना साउन त्यस्मा पनि सोमवारका दिन स्नना गरी शिव मन्दिरमा जलापर्ण गर्नाले पाँप नाश भई पुण्यफल मिल्ने भक्तजनहरूको बिश्वास छ ।

### हुलाकी सडक निर्माण विवाद समाधान

बाँके । जिल्लाको हुलाकी राजमार्गअन्तर्गत नेपालगञ्जको पुष्पलाल चोकदेखि बसपार्कसम्मको सडक निर्माण विवाद समाधान भएको छ । फुटपाथ, नाला र सडक गरी ३० मिटर चौडाइ हुने गरी डिजाइन गरिएको सो सडकखण्ड २२ मिटरमा निर्माण गर्न थालिएपछि सो क्षेत्रका नागरिकस्तरबाट आरोप, प्रत्यारोप र विवाद हुँदै आएको थियो । एक सातादेखि विवादित बनेको सो सडकखण्डको निर्माण कार्य रोकिएपछि नेपालगञ्ज उपमहानगरपालिकाले सरोकारवालासँग गरेको छलफलपछि २२ मिटर चौडाइमै निर्माण गर्ने सहमति भएको जनाइएको छ । नगर प्रमुख डा धवलशम्शेर राणाका अनुसार ३० मिटरमा बनाउँदा ९५ प्रतिशत नागरिकका घर संरचना भत्किने भएकाले सोही अवस्थालाई दृष्टिगत गरी २२ मिटरमा निर्माण गरिने सहमति गरिएको हो ।

### सिमसारमा डुंगा चलाउन सुरू

मोरङ । पर्यटकीय स्थल बेतिनी सिमसारमा अवस्थित पोखरीमा डुंगा चलाउन सुरू भएको छ । उर्लाबारी-२ मंगलबारेमा रहेको बेतिनी सिमसारमा दुईवटा डुंगा चलाउन सुरू गरिएको छ । उर्लाबारी नगरपालिकाले सिमसारको विकासका लागि नगरपालिकाले बजेट छुटचाउने भएपछि सिमसार विकासको काम अगाडि बढाइएको हो । सिमसारमा राखिएका ती दुईवटा डुंगा रू एक लाख ९० हजार खर्चिएर ल्याइएको हो । डुंगा चढेबापत प्रतिव्यक्ति रू ५० लिने सिमसार व्यवस्थापन समितिले जनाएको छ । उक्त सिमसार परिसरमा बाल उद्यान निर्माणको कामसमेत भइरहेको छ ।

### अपहरण अभियोगमा पाँच जना पक्राउ

धनुषा । धनुषा बिदेह नगरपालिका–८ बफैका २४ वर्षीय कमलेश्वर दासलाई अपहरण गरेको अभियोगमा सोमबार प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बिदेह नगरपालिका–७ चक्करका ५५ वर्षीया शोभादेवी दास, २५ वर्षीय रामसुफल दास, तारापट्टी-१ का २२ वर्षीय निकेश यादव, महोत्तरी भ्रमपुरा-३ का १८ वर्षीय एसानुल राइन र १९ वर्षीय आदम नदाफ रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । कमलेश्वरलाई शुक्रबार धनुषा ठाडिझिझा महिनाथपुर रेल्वे स्टेशनबाट चारजनाको समूहले डर धम्की दिई मोटरसाइकलमा बसाएर जनकपुरस्थित भ्रमपुरा चोकमा ल्याई आदाम नदाफको कोठामा एक दिन बन्धक बनाएर राखेको थियो । अपहरित कमलेश्वर आइतबार बिहान ३ बजेतिर बन्धक बनाएको कोठाको भेन्टिलेसनबाट निस्केर भाग्न सफल भएका थिए । भागेर घटनाबारे जानकारी गराएपछि प्रहरीले घटनाका सम्बन्धमा अनुसन्धान शुरू गरेका थिए ।

# रक्षा बन्धन : भाई-बहिनीको पवित्र पर्व



विजय यादव

विश्वकै पुरातन धर्म हिन्दु धर्मलाई मानिन्छ जसको आफ्नै धार्मिक, साँस्कृतिक मूल्यमान्यता र पर्व छन् त्यसमध्येको जनैपूर्णिमा तथा रक्षा बन्धन पर्व हिन्दु धर्मालम्बीले धूमधामसाथ मनाउँछन् । रक्षाबन्धनको दिन बिहानै नदी, तलाउमा गई गाईको गोबर तथा तुलसीको माटो लगाई नुहाउने जौ, तिल, कुशद्वारा ऋषितर्पणी गरी वैदिक विधिपूर्वक मन्त्रिएको नयाँ जनै (यज्ञोपवित) फेर्ने चलन रहेकाले यस पर्वलाई जनै पूर्णिमा भन्ने गरिएको हो ।

हिन्दु दर्शनअनुसार जनैलाई ब्रह्मासूत्र अर्थात ज्ञानको धागो पनि भनिन्छ। जनैका दुई शिखामध्ये एउटा शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को शिखाको डोरालाई कर्म, उपासना र ज्ञानका तीन योग मानिन्छ । सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरू वृहस्पतिले रक्षा विधान तयार गरी जोगाएका तथा वामनअवतार विष्णुले राजा बलिलाई डोरो बाँधी वचनबद्ध गराएर तीनै लोक लिएको धार्मिक किम्वदन्तीसँग पनि रक्षाबन्धनको सम्बन्ध जोडिएको छ । रक्षाबन्धनमा देह शुद्ध गरी देवता, सप्तऋषि (कश्यप, अत्रि, भारद्वाज, गौतम, जमदग्नि, वशिष्ठ र विश्वामित्र) तथा पितृहरूको नाममा तिल, कुशसहित तर्पण गरिने भएकाले यस पर्वलाई ऋषितर्पणीका नामले पनि चिनिन्छ ।

रक्षाबन्धनमा बाहुनहरू जनै तयार गरी मन्त्रेर नुहाई-धुवाई गरेर पूजा पाठ गरी पवित्र धागो जसलाई रक्षा भन्छन् जुन सबै जनालाई रक्षा बाँधेर टीका लगाइदिने बाँध्नेहरूले बाहुनलाई दक्षिणा दिने गर्छन् । तराईलगायत भारतमा साउन पूर्णिमाका दिन प्रातः नुहाइधुवाइ गरेर बहिनीहरूले पूजाको थालीमा राखीको साथमा दीप, चन्दन, मिठाइ इत्यादि लिएर अभीष्ट



भन्ने देवता सम्झेर दाजुभाइलाई टीका लगाएर मिठाइ ख्वाइ दीर्घायुको कामना गर्दै दायाँ हातमा राखी बाँध्ने मधेसका महिलाको चलन छ । त्यसपछि दाजुभाइले बहिनीको रक्षा गर्ने प्रतिबद्धताका साथ उपहारहरू पनि दिने गर्छन् ।पौराणिक कथाअनुसार देवराज इन्द्र र दैत्यराज वृतबीच १२ वर्षसम्म भयंकर युद्ध चलेको थियो। जसमा असुरले विजय प्राप्त गरेका थिए। त्यसपछि इन्द्रले मर्नु निको मानी असुरसँग अन्तिम युद्ध गर्ने संकल्प लिए। अनि देवगुरू वृहस्पतिले इन्द्रको विजयको कामना गर्दै रक्षाको विधान श्रावण मासको पूर्णिमाको शुभ मूहूर्तमा इन्द्रलाई रक्षाको बन्धन बाँध्दै निम्न मन्त्र जप्नुभयो- 'येन बद्धो बली राजा दानवेन्द्रो महाबलः, तेन मन्त्रेण बहनामि रक्षे मा चल मा चल।' तत्पश्चात् इन्द्राणीले इन्द्रको दाहिने हातमा रक्षासूत्र बाँध्नुभयो। त्यो पवित्रताको रक्षा सूत्र बाँध्नाले देवराज इन्द्र विजयी बने ।

अर्को कथाअनुसार जब यमदूतले आफ्नो बहिनी यमुनासँग राखी बाँध्ने समयमा भनेका हुन्छन् कि जसले यस पवित्रताको राखी बाँध्छ ऊ यमदूतको सजाय अथवा भयबाट मुक्त हुन सक्छ। यही कारण रक्षाबन्धन धार्मिक उत्सवका रूपमा पनि मानिँदै आएको छ । जसको सम्बन्ध जीवनमा श्रेष्ठता एवं निर्विकारितासँग छ। त्यसैले पनि यसलाई विषतोडक पर्व पनि भनिन्छ ।

आज हरेक व्यक्ति सांसारिक बन्धनदेखि छुट्न चाहन्छन् र ईश्वरीय बन्धनमा बाँधिन चाहन्छन् किनकि ईश्वरीय बन्धन काल्पनिक र सुखदायी बन्धन हो। रक्षाबन्धन यसै कुराको प्रतीक हो कि हामीले आफू स्वयंको रक्षाका लागि पवित्रताको बन्धनमा बाँधिनुपर्छ । भनिन्छ कि यो बन्धन दशैंसम्म बाँध्ने जबसम्म दश विकारमाथि विजय प्राप्त गरेर दशमी मनाइँदैन तबसम्म यो पवित्रताको बन्धनमा बाँधिनुपर्ने आवश्यकता छ ।

रक्षाबन्धन मर्यादा र आत्मा निग्रहद्वारा मृत्युमाथि विजय प्राप्त गर्ने पर्व हो। रक्षासूत्रको बन्धन र टीका यस उत्सवको प्रमुख विधान हो। सूत्र आत्माको मर्यादा र संयमको प्रतीक हो र टीका आत्मस्वरूप स्थितिको प्रतीक हो ।

# विवेकशील साझा पार्टी घोषणा, ५१ सदस्यीय केन्दीय समिति

काठमाडौं । रविन्द्र मिश्र नेतृत्वको साझा पार्टी र उज्वल थापा नेतृत्वको विवेकशील नेपाली पार्टीबीच एकीकरण भई "विवेकशील साझा पार्टी" घोषणा भएको छ । बुधबार राजधानीमा आयोजित एक समारोहमा विवेकशील साझा पार्टीको घोषणा भएको हो । एकीकृत पार्टीको चुनाव चिन्ह तराजु राखिएको छ ।

नयाँ पार्टीमा रवीन्द्र मिश्र र उज्ववल थापाको संयुक्त नेतृत्व हुनेछ । दुबै नेतालाई सहसंयोजक पद दिइएको छ । बैठकहरूको अध्यक्षता मिश्रले गर्ने सहमति भएको छ । पार्टीको केन्द्रीय समिति ५१ सदस्यीय हुनेछ । छिट्टै महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गर्ने जनाइएको छ । दुई पार्टीबीच स्थानीय तहको चुनाव अघि नै पार्टी एकता वा चुनावी तालमेल दुबै विकल्पमा छलफल भएको थियो ।



*राजधानीमा बुधबार आयोजित विवेकशील साझा पार्टी घोषणा कार्यक्रममा सहभागी नेतागण ।*

विवेकशील नेपाली दल र साझा पार्टी एकीकरणबाट निर्माण भएको विवेकशील साझा पार्टी ५१ सदस्यीय केन्द्रीय समिति पुर्‍याउने निर्णय गरेको छ । एकीकरणपूर्व दुवै पार्टीबीच भएको सम्झौताअनुसार दुवै पार्टीबाट १७-१७ जना सामेल हुने गरी ३४ सदस्यीय केन्द्रीय समिति गठन गरिएको छ । प्रत्येक प्रदेशबाट कम्तीमा १-१ जना प्रदेश संयोजकको भूमिकामा रहने गरी ७ सदस्य केन्द्रीय समितिमा सामेल गरिने विज्ञप्तिमा उल्लेख छ ।

केन्द्रीय समिति थप विस्तार गरेर महाधिवेशनसम्मका लागि ५१ जना पुर्‍याउने व्यवस्था गरिएको छ । केन्द्रीय समिति भित्रबाट दुबै पार्टीका ४-४ जना रहने गरी एउटा संयोजन समिति गठन गरिएको छ, जसमा दुई जना सहसंयोजक रवीन्द्र मिश्र र उज्वल बहादुर थापा रहनेछन् । पार्टीका बैठकहरूको अध्यक्षता रवीन्द्र मिश्रले गर्नेछन् ।

संयोजन समितिका अन्य सदस्यहरूमा अनुसा थापा, गोविन्द नारायण तिमिल्सिना, निरूपमा यादव, मुमाराम खनाल, रमेश पौड्याल, सूर्यराज आचार्य रहनेछन् ।

यस्तै, पार्टीका केन्द्रीय समितिका सदस्यहरू रवीन्द्र मिश्र, उज्वल बहादुर थापा, अनुसा थापा, गोविन्द नारायण तिमिल्सिना, निरूपमा यादव, मुमाराम खनाल, रमेश पौड्याल, सूर्यराज आचार्य, अब्दुस मियाँ, अर्जुनसिंह ठकुरी, उमेश पुन, ओम अर्याल, किरणकृष्ण श्रेष्ठ, किशोर थापा, जीवन श्रेष्ठ, दिनेश प्रसाई, प्रकाशचन्द्र परियार, पुकार बम, मानवी पौडेल, रन्जु दर्शना न्यौपाने, रमेश महर्जन, राम शाह, रेशु अर्याल, शशि विक्रम कार्की, शोभा शाक्य, सरोज धिताल, साधना राई सुबुना बस्नेत, शोभिता परियार र ज्ञानेन्द्र निरौला रहेका छन् ।

यसैगरी, पार्टीको महत्वपूर्ण अंगको रूपमा एक स्वायत्त अनुशासन आयोग गठन गरिनेछ जसले पार्टी नेतृत्व र सदस्यमाथि अनुशासनको कारबाही गर्ने न्यायिक अधिकार प्रयोग गर्नेछ ।

# दलित महिला सेवा सुविधाबाट बन्चित नहुने : उपमेयर थापा

दिनेश ठाकुर, नेपालगन्ज । दलित महिला संघले बुधवार नेपालगन्जमा सरोकारवाला निकायसंग परियोजना परिचयात्मक कार्यक्रम गरेको छ । दलित महिला संघले विगत लामो समयदेखि समाजमा भएका महिला हिंसा विरूद्ध र कु संस्कारका विरूद्धमा आवाज उठाउदै आएको विषयलाई सरोकारवालालाई जानकारी गराउने उद्देश्यका साथ परिचयात्मक कार्यक्रम गरेको हो ।

महिला त्यसमा पनि दलित महिलाहरूलाई प्रथामिकतामा राखेर दलित महिला संघले समाजमा भएका कुरीटि संस्कारलाई उजागर गर्दै उनिहरूलाई सचेतना गराउदै आएको आयोजकले बताईएको छ ।

दलित महिला संघले बाँकेका विभिन्न गाविसलाई लक्षित गरि कार्य गर्दै आएको छ । परिचयात्मक कार्यक्रममा नेपालगन्ज उपमहानगरपालिकाका उपमेयर उमा थापाले राज्यबाट प्रदान गरिने रकम दलित बर्गकै उत्थान गर्नको लागि खर्च गरिनुपर्ने बताए ।

दलित महिलाबारे राज्यले दिएको सेवा सुविधा पाउनबाट बन्चित हुन नहुने उपमेयर थापाले बताए । दलित बर्गमा आएको बजेट पहुचको आधारमा वितरण भैरहेको कारण यसलाई रोकथाम गर्न महिलाहरू सक्रिय भएर लाग्नुपर्ने बताए ।

स्थानिय तहमा निर्वाचित भएर आएका जनप्रतिनिधिहरूलाई लक्षित गरि दलित महिला संघले जनचेतनामुलक कार्यक्रम गर्न जरूरी रहेको छ ।

दलित महिला संघले हरेक गाउँ टोलमा महिला संजाल गठन गरि महिला उत्थानका बारेमा जागरण अभियान चलाउने दलित महिला संघका अध्यक्ष निर्मला सुनारले बताए। २१ औं शताव्दीमा पनि महिलालाई हेपहा प्रबृत्ति कायमै रहेको बताउदै अध्यक्ष सुनारले दलित महिलालाई क्षमतावान बनाउन आवश्यक रहेको बताउनुभयो ।

महिला संघले नयाँ परियोजना लागु गरि बाँकेका विभिन्न गाविसमा काम गर्ने परि योजना ल्याएको छ ।

महिलाहरूलाई आत्मनिर्भर बनाउन बाख्रा वितरण कार्यक्रम समेत लागु गरेको अध्यक्ष सुनारले बताए । परियोजना कार्यक्रममा विभिन्न संघ संस्थाका सरोकारवाला निकायको सहभागिता रहेको थियो ।

## जितेन्द्र हत्याबारे निष्पक्ष छानबिन गर्न माग

राजविराज । मधेश आन्दोलनको बेलामा रहस्यमय तरिकाबाट विभत्स हत्या भएका युवा जितेन्द्र नारायण देवको हत्याबारे निष्पक्ष छानबिन गर्न माग गरिएको छ । करिब दुई वर्षअघि राजविराज नगरपालिका-७ का जितेन्द्रनारायण देवको रहस्यमय हत्या भएको थियो । सो घटनाबारे हालसम्म कुनै पनि ठोस प्रमाण फेला पर्न सकेको छैन । हत्याबारे निष्पक्ष छानबिन गर्न बागेश्वरी सेवा समितिले माग गरेको छ । समितिको कार्यसमितिले राजविराजस्थित नेपाल पत्रकार महासङ्घ सप्तरीको सभाहलमा पत्रकार सम्मेलन गरी यस्तो माग गरेको हो । समितिका अध्यक्ष इन्जिनियर इन्द्रनारायण देवले आन्दोलनका क्रममा भएको सो घटना सत्यतथ्य छानविन गरी मृतकलाई शहिद घोषणा गर्नुपर्ने माग गरेका छन् । वि.सं. २०७२ असोज ३० गते शनिबारका दिन राजविराज नगरपालिका-६ हाल वडा नं-७ निवासी ३० वर्षीय देवलाई केही व्यक्तिले बेपत्ता पारी चरम यातनापछि हत्या गरिएको उनका परिवारको आरोप छ ।

## मदार बाबाको लाखौं हिनामिना

रविन्द्र यादव, नवलपरासी । मुस्लिम एवं हिन्दु समुदायको ऐतिहासिक एवं धार्मिकस्थल नवलपरासीको मदार बाबाको ४० लाख रूपैयाँ हिनामिना भएको स्थानीयले आरोप लगाएका छन् । मदार बाबाको मेला संचालन गर्दै आएको मदरसा ईस्लामियाँ कुतुबुल मदारशाह समिति नवलपरासीले संरक्षण र विकासका लागि आएको ४० लाख रकम हिनामिना गरेको स्थानीयको आरोप छ । गत वर्ष फागुन महिनामा संचालित मदार बाबाको मेलाबाट उठेको भेटी रकम २२ लाख, बाँकी बक्यौता तिर्न जिल्ला प्रशासनले दिएको १५ लाख र मठाधिश बाबाको ३ लाख गरि कुल करिब ४० लाख रूपैयाँ अध्यक्ष अंसारीले मनोमानी ढंगबाट खर्च गरि संस्थाको पैसा हिनामिना गरेको स्थानीय बुद्धन अलिले आरोप लगाए ।

## संक्षिप्त समाचार

### रौतहटका २१ गाविसपूर्ण खोप घोषणा

राकेश यादव, रौतहट । रौतहट जिल्लाको साविक २१ गाविसपूर्ण खोप घोषणा भएका छन् । साविक गरूडा नगरपालिकाका ७ वटा गाउँ तथा १४ वटा गरी २१ वटा गाउँ विकास समिति पूर्ण खोप घोषित भइसकेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर नवलकिशोर झाले बताएका छन् । झाका अनुसार मुड़वालबा, इनरवारी, पिपरा रजवाड़ा, भलोहिया, गंगापीपरा, मत्सरी, फतुआ हरषाहा, विजयपुर लक्ष्मिनिया, खेसरहिया, बसंतपट्टी, रामपुर खाप, कनकपुर, विशुनपुर्वा मानपुर पूर्ण खोप गाउँ विकास समिति घोषित भइसकेका छन् ।

### पैसाको अभावका कारण उपचारबाट वञ्चित

रूपन्देही । खाना पकाउने ग्यास लिक भएर घाइते भएकी अर्घाखाची जुरलनेताकी १६ वषिय साबित्रा परियार आर्थिक अभावमा उपचारबाट बञ्चित भएकी छन् । जिल्ला अस्पताल अर्घाखाचीबाट उपचार सम्भब नभएपछि बुटबल लुम्बिनी अञ्चल अस्पताल र बुटबलबाट पनि उपचार सम्भव नभएपछि भैरहवा मेडिकल कलेजमा उपचार गराउन गएकी साबित्री पैसा नभएको कारण अस्पतालले फिर्ता गरेको कारण पुनः जिल्ला अस्पताल अर्घाखाँचीमा गएकी छन् । अर्घाखाँची जिल्लाको भुमीकास्थान नगरपालीका वडा नम्वर २ जुरलनेटा बस्ने साबित्रा परियार ग्यासमा खाना पकाउने क्रममा ग्यास लिग भएर गम्भीर घाइते भएपछि अहिले समस्यामा परेकी छन ।

### महिला फोरम वडा कमिटी गठन

वीरगन्ज । वीरगन्ज महानगरपालिका वडा नम्बर १६ मा संघीय समाजवादी महिला फोरम नेपालको भेला सम्पन्न भएको छ । भेलाले नजमा खातुनको अध्यक्षतामा २१ सदस्यीय महिला फोरमको वडा कमिटी गठन गरेको छ । भेलाले टोल टोलमा महिला फोरमको टोल स्तरीय कमिटी गठन गर्ने निर्णय पनि गरेको छ । भेलालाई सम्बोधन गर्दै फोरम नेपाल पर्साका अध्यक्ष प्रदीप यादवले मधेशको राजनीतिमा महिलाको सहभागीता अहिले पनि न्युन देखिएको भन्दै महिलाको सहभागीता बढाउन फोरम नेपालले निरन्तर प्रयास गरिरहेको बताए ।

### विद्यार्थी संघद्वारा निःशुल्क स्वास्थ्य शिविर

सप्तरी । बाढीबाट प्रभावित क्षेत्रमा नेपाल विद्यार्थी संघले बृहत् एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरेको छ । जिल्लाको त्रिहुत गाउँपालिकास्थित मोहुली खोलाबाट आएको बाढीप्रभावितका लागि लक्षित सो शिविरमा लामो समयदेखि विभिन्न रोगबाट ग्रसित पाँच सय बिरामी लाभान्वित भएका छन् । शिविरमा गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल र बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका एकदर्जन चिकित्सकले बिरामीको अवस्था जाँच गरेर निःशुल्क औषधिसमेत वितरण गरेको आयोजक संघले जनाएको छ । स्वास्थ्य शिविरमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विश्वप्रकाश शर्मामार्फत रू. छ लाख बराबरको औषधिसमेत उपलब्ध गराइएको थियो ।

### विभिन्न वडाहरूमा भेला तथा छलफल

वीरगंज । नेकपा एमालेको वीरगंज महानगरपालिकाको विभिन्न वडाहरूमा कार्यकर्ता भेला तथा चुनावी छलफल कार्यक्रम सम्पन्न भएको छ । वीरगंज महानगरसमितिको आयोजनामा वडा नं. १ मा कार्यकर्ता भेला तथा चुनावी छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा वक्ताहरूले एमालेको जितले नै नगरको चौतर्फी विकास हुने बताए । पार्टीका नेता एवं नेशनल मेडिकल कलेज वीरगंजका एमडि बसरूदिन अंसारीले पार्टीका सम्पूर्ण नेता कार्यकर्ताहरू नगरको विकास एवं जनताको सुख, दुःखमा एक भएर लाग्नु पर्ने चर्चा गर्दै नगरको चौतर्फी विकासको लागि आफुले कुनै कसर बाकि नराख्ने बताए ।

### बस दुर्घटनामा १९ जना घाइते

मोरङ । बिराटनगर महानगरपालिका-१३ स्थित बिराटनगर-रानी सडक खण्डमा जोगवनीबाट बिराटनगरतर्फ जाँदै गरेको को.१ ख ४१४ नम्बरको यात्रुबाहक बस सोमबार आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक सहित १९ जना घाइते भएका छन् । उनीहरूलाई उपचारको लागि बिराटनगरतर्फ पठाइएको छ । घाइतेमध्ये २ जनाको अवस्था गम्भीर रहेको छ । दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले उद्धार कार्य एवं आवश्यक अनुसन्धान गरिरहेको छ ।

### करेन्ट लागेर मृत्यु

रौतहट । कटहरिया गाउँपालिका-६ बगही टोल बस्ने ३६ वर्षीय श्रीनिवास साहको करेन्ट लागेर सोमबार मृत्यु भएको छ । आफ्नै कुखुरा फर्ममा सिलवरको तारबाट फर्मघरको सुरक्षाको लागि बाहिरबाट करेन्ट फिट गर्ने क्रममा करेन्ट लाग्दा उनको मृत्यु भएको थियो । यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### खोलामा बेपत्ता भएका किशोर मृत फेला

विराटनगर । विराटनगरस्थित केशलिया खोलामा डुबेर बेपत्ता भएका किशोर बुधबार मृत अवस्थामा फेला परेका छन् । विराटनगर-१२ बखरीका चन्द्रकुमार राईका १५ वर्षीय छोरा सञ्जीव राई सो खोलामा पौडी खेल्ने क्रममा मङ्गलबार डुबेर बेपत्ता भएका थिए । विराटनगरस्थित सगरमाथा बोडिङ स्कुलमा कक्षा १० मा अध्ययनरत राईलाई स्थानीयवासीले डुबेकै ठाउँमा बालुवाले पुरिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

### मोटरसाइकल चालकको मृत्यु

रूपन्देही । ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ । ओमसतिया गाउँपालिका-२ पडसरीस्थित सिद्धार्थ राजमार्गमा लु.१ ख ५०२६ नम्बरको ट्रकले लु.१८ प २६७८ नम्बरको मोटरसाइकललाई बुधबार पछाडीबाट ठक्कर दिएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक जिल्ला शिक्षा कार्यालय रूपन्देहीका बिद्यालय निरीक्षक रूपन्देही, तिलोत्तमा नगरपालिका-५ बस्ने ४७ वर्षीय चन्द्रबहादुर कुँवरको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको छ । ट्रक र मोटरसाइकल प्रहरीको नियन्त्रणमा छन् ।

### बन्चरो प्रहार गरी श्रीमतीको हत्या

बारा । कलैया उपमहानगरपालिका-२४ श्रीपुर बस्ने ३० वर्षीया कुन्टी रामको बन्चरो प्रहारबाट मृत्यु भएको छ । कुन्टी रामलाई मंगलबार राति उनकै ३५ बर्षीय श्रीमान श्रीकृष्ण रामले टाउकोमा बन्चरो प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको थियो । घटना पश्चात फरार भएका श्रीकृष्ण रामको प्रहरीले खोजतलास गर्नुको साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### दाजुभाईबीच झगडा हुँदा बालिकाको मृत्यु

बारा । सुबर्ण गाउँपालिका-१ बगही बस्ने ५६ वर्षीय चनरदेव मुखिया र ५५ वर्षीय इनर मुखिया दाजुभाईबिच शुक्रबार जग्गाको बिषयलाई लिएर बिवाद भई कुटपिट हुँदा इनर मुखियाकी नातिनी १ वर्षीया किरणकुमारी मुखियाको मृत्यु भएको छ भने इनर मुखिया घाइते भएका छन् । झगडाको क्रममा चोट लाग्न गई गम्भीर घाइते भएकी किरणकुमारीलाई उपचारको लागि जिल्ला अस्पताल कलैया पठाएकोमा उपचारको क्रममा मृत्यु भएको थियो भने घाइते इनर मुखियालााई थप उपचारको लागि नारायणी उपक्षेत्रीय अस्पताल बीरगंज पठाइएको छ ।

### जंगली च्याउ खाँदा मृत्यु

बर्दिया । जंगली च्याउ खाई बिरामी भएकी बासगढी नगरपालिका-९ बस्ने २० वर्षीया खिमा थारूको उपचारको लागि मेडिकल कलेज कोहलपुर बाँके लैजाने क्रममा शनिबार बाटैमा मृत्यु भएको छ । यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### बस र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु

कैलाली । कैलालीमा बस र मोटरसाइकल आपसमा ठोक्किँदा दुईजनाको मृत्यु भएको छ भने एकजना गम्भीर घाइते भएका छन् । धनगढीबाट फूलबारीतर्फ जाँदै गरेको तीनजना सवार से१प ७८६० नं को मोटरसाइकल र फूलबारीबाट धनगढी आउँदै गरेको से१ख ५२८ नं को बस धनगढी उपमहानगरपालिका-१५ कनरीमा आपसमा ठोक्किँदा मोटरसाइकलमा सवार दुईजनाको मृत्यु भएको हो । गौरीगंगा नगरपालिकाका ३० वर्षीय दिपेन्द्र चौधरी र कैलारी गाउँपालिका-८ का २७ वर्षीय वीरबहादुर चौधरीको सेती अञ्चल अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ । गम्भीर घाइते मोटरसाइकलमा सवार आशिष चौधरीलाई उपचारका लागि भारतको लखनउ लगिएको छ । बस चालक ५० वर्षीय मंगलप्रसाद चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# भारत र चीनको तनावमा नेपालको राजनीति

## “खस” महिमा र मधेश आन्दोलन : भाग ३७७



❖ उपेन्द्र झा

**चीनसंग युद्ध गर्न अमेरिका समेत तयार रहेको अवस्थामा के यो युद्ध दुई देशबीच मात्र सिमित रहला ? दक्षिण एशियामा भारत चीन युद्ध तेश्रो विश्वयुद्धमा परिणत नहोला भन्न सकिन्न । चीन अनावश्यक रूपमा चारैतिर आफ्नो शक्ति प्रदर्शन गरिरहेकोले चीनको उन्माद युद्धसम्म जान सक्ने सम्भावनालाई कसैले रोक्न सक्दैन । चीनलाई सबक सिकाउन सबै शक्ति भारतको कित्तामा संगठित भएपछि चीनको जिद्दलाई रोक्न युद्ध अवश्यम्भावी भएको छ ।**

शक्तिशाली स्वभावत: अहंकारी हुन्छ । समृद्धशाली देशलाई आफ्नो साम्राज्यको निर्माणमा दत्तचित्त भई लागि रहने बानी हुन्छ । साम्राज्य भनेको उसको एकपक्षीय प्रभाव क्षेत्र हो जहाँ आफ्नो देशको सीमा हुँदैन तर आफ्नो प्रभावको पूर्णता हुन्छ । अटल प्रभाव भनेको अरू सार्वभौम सम्पन्न देश नै भए पनि त्यहाँका शासकदेखि जनतासम्म त्यो साम्राज्यवादीको गुलाम भएर बाँचेको हुन्छ । विरोधका स्वर उठेपनि त्यो निर्वाध सहयोगको व्यवधानलाई हटाउनका लागि मात्र हो ।

दलाई लामालाई संरक्षण दिएको विरोधमा चीनले भारतसंग सन् १९६२ मा युद्ध नै गरे । यो युद्धमा दुबैतिर हजारौं सेना मरेका थिए । दुबै देशले क्षति बेहोरे पछि युद्धविराम भयो । नयाँ शिराबाट सम्बन्धलाई मैत्रीपूर्ण बनाउन पहल भयो । तीन दशकपछि चीनसंग मैत्री सम्बन्ध कायम भयो । विदेशी पूँजी निवेश गराउने चीनियाँ विचारमा परिवर्तन आएपछि भारतले चीनमा पूँजी निवेश गर्न थाल्यो । सबै कुरा राम्रो चलि रहेको थियो । तर चीनले भारतसंगको बैरभावलाई समयको अनुकूलताको पर्खाईमा साँचेर राखेको थियो ।

पहिलेको युद्ध प्रतिशोधको परिचायक थियो भने अहिलेको युद्ध उसको शक्ति प्रदर्शनको युद्ध हुनेछ । एक दशकदेखि चीनले भारतसंग नेपाल सन्दर्भमा निहुँ खोजि तनावलाई बढाउँदै लगेको छ । ५५ वर्षको अन्तरालमा चीन समृद्धशाली राष्ट्रको रूपमा उदित भएको छ । चीनको उदय भएपछि पहिलेदेखि शक्तिशाली राष्ट्रको रूपमा रहेको अमेरिकालाई इन्द्र कै जस्तो देवत्व गुम्ने शंका पैदा हुनु स्वाभाविक हो । चीनको समृद्धि मत्ता हाथी जस्तो एशिया, यूरोपमा विचरण गर्न लाग्दा, साम्राज्यको सुख भोगि रहेको अमेरिकाका लागि मात्र होईन, उदीयमान शक्तिशाली राष्ट्रहरूका लागि पनि चुनौतीको रूपमा आएको छ । आर्थिक समृद्धि लिएर शक्तिशाली राष्ट्रको रूपमा उदित चीनियाँ कम्युनिष्ट सरकारलाई रोक्न लोकतान्त्रिक शक्तिहरू भारततिर जोडिन पुगेको छ । भारतसंग मात्र अहिले निहुँ खोजि रहँदा प्रतिशोध लिने शक्तिहरू यही मौका छोपी भारतको खेमामा संगठित भएका छन् ।

एशिया, युरोप, अमेरिका, अफ्रिका समेतमा आफ्नो प्रोडक्टिभिटीका लागि बजार खोज्दै संसारभरि विचरण गर्ने चीनको साहस पनि अद्भूत छ । सारा संसारलाई कनेक्टिभिटीसंग जोड्ने यति ठूलो महत्वाकाँक्षी योजना त कसैले सोचेको पनि थिएन । यसले २९ देशसंग सम्झौता गरेर यसको निर्माणकार्यलाई अगाडि बढाउने प्रयासमा लागेको पनि छ । नेपालको सन्दर्भमा भारत चीनको तनाव उत्पन्न भएको एक दशक नै भयो । भारत यसलाई सामान्य बुझ्दै सम्बन्ध सुधार्ने दिशामा लागेको थियो तर चीन त भारतलाई चुनौती दिन नै अगाडि बढेको धेरै समय पछि थाहा पाएर भारत पनि आफ्नो तयारी तीव्र पारेको छ । पाकिस्तानसंगको मौन युद्ध यसैको एउटा कडीको रूपमा रहेको छ । एक दशकदेखि चीनको भारतसंगको व्यवहार हेर्दा उसले भारतसंग युद्ध नै चाहेको कुरालाई नकार्न सकिन्न । सिक्किम जस्तै भारतले नेपाललाई निल्ने खतरा देखाएर नेपाललाई आफ्नो प्रभावमा राखेर भारतको विरूद्ध प्रयोग गर्ने चीनको रणनीति रहेको छ ।

चीनको बढ्दो ताकत र चीनले निर्वाध बढाएको आफ्नो शक्ति प्रदर्शनको अवस्थालाई हेर्दा भारत चीनको तनाव बढ्दै गएको छ । भारतसंग चीनको तनाव बढाउने वातावरणको निर्माण गर्न चीन नै प्रमुख कारण बनेको छ । नेपालमा आयोजित १८औं सार्क शिखर सम्मेलनमा चीनलाई सार्क राष्ट्रको सदस्यता दिने सम्बन्धको प्रस्ताव पाकिस्तानले राखे पनि भारतले केही ध्यान नदिएकोले पाकिस्तानले यसलाई आफ्नो अपमान बुझ्यो भने भारतसंग निहुँ खोज्न चीनले राम्रो अवसर पायो । १८ औं सार्क शिखर सम्मेलन पछि नेपाल सन्दर्भमा भारतप्रति चीनको कडा अभिव्यक्ति आउन थाल्यो । भारतलाई प्रत्यक्ष आरोप नलगाएर “भारतले नेपाललाई सिक्किम बनाउन खोजेको” “नेपालबाट भारतको प्रभाव हटाउनु पर्छ” आदि आरोपका साथ चीनको विरोध शुरू भएको हो । सार्क शिखर सम्मेलनमा भारतले १ खरबको सहयोगको घोषणा गर्दा चीनले “सिक्स टाइम बढी” दिने घोषणा गर्‍यो ।

त्यसपछिका दिनमा पाकिस्तानले अनावश्यक रूपमा सीमामा तनाव बढाउन थाल्यो । आतंकीको घुसपैठ, भारतभित्रको धार्मिक सद्भावमाथि अर्थहीन आक्रमण, आदि घटनाहरू तथा नेपाल समेत भारतको विरोधमा प्रत्यक्ष रूपमा आएको कुराबाट चीनको उक्साहट प्रष्ट देखियो । १८ औं सार्क शिखर सम्मेलन पश्चात् सहयोगको नाममा चीनले नेपाली राजनीतिमा हस्तक्षेपकारी भूमिका बढाएदेखि नेपाललाई भारतको विरोधमा उतारेरै छाड्यो ।

विपन्न राष्ट्रका सम्पन्न राजनेताहरू देशमा आमूल परिवर्तन गरि सर्वहाराको राज्य कायम गर्ने राजनीति होस वा लोकतन्त्रीय समाजवादको राजनीति होस् सबैले जनता झुक्याएर राजनीतिलाई पैसा कमाउने माध्यम नै बनाएका छन् । पैसा थाप्न उसको राजनीतिक अडान पनि रहँदैन । नेपाली राजनीतिमा चीनको खेल शुरू भएपछि के काँग्रेस, के कम्युनिष्ट सबै एकजात भएर खेलको मोहरा बने । भारतको विरोध गर्न होस् वा संघीयताको विरूद्धमा होस् सबैको एकजात नै देखियो । सामान्य अवस्थामा कम्युनिष्ट, काँग्रेस फरक जात देखिन्छन् ।

नेपाली राजनीतिमा लामो समयसम्म भारतको उधारो खेलमा दिक्क मानेका राजनीतिक खेलाडीहरू चीनको आगमनलाई बडो उत्साहका साथ स्वागत गरे । आगामी समयमा यसको परिणाम जेसुकै भएपनि सहने भनेर उनको नजरमा आम्दानीका साथ बनि रहेको नयाँ सम्बन्धको महत्व बढि थियो । चीन आयो । मनपरि ढंगले चीनले नेपाली राजनीतिज्ञलाई प्रयोग गरे । मधेशलाई भारतीयहरू भनेर चीनलाई पहिचान गराएपछि चीनको व्यवहार पनि मधेशप्रति पूर्वाग्रही नै बन्यो । चीनको प्रभावमा चुर्लुम्म डुबेको तत्कालीन एमाले सरकार घोषणाका लागि तयार राखेको संविधानलाई भारतले १५ दिन पर्खन आग्रह गर्दा १५ घण्टा पनि पर्खन सकेन र त्यसको भोलीपल्ट असोज ३ गते घोषणा गर्‍यो । भारतलाई यो घटनाबाट चीनले दिएको खुला चुनौती थियो । त्यस्तै १८ औं सार्क शिखर सम्मेलनको अवसरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पूर्व निर्धारित जनकपुर, लुम्बिनी र मुक्तिनाथको भ्रमणलाई चीनले नेपाली राजनीतिज्ञलाई प्रयोग गरि यस्तो नाटकीय ढंगबाट रद्द गरायो कि न भारतीय कूटनीतिज्ञहरूले बुझे न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी स्वयमले बुझ्न पाए । नेपाली राजनीतिमा चीनको प्रभावको यो ठूलो नमूना थियो ।

चीन भारतको युद्धविराम भएपछि सिक्किममा चीनको प्रभाव बढ्न थाल्यो । यो भारतको लागि सिरदर्द थियो । सिक्किमको भूमी चीन प्रयोग गरोस् यो भारतलाई कथमपि स्वीकार्य थिएन । त्यहाँका राजा चोग्याल पनि चीनको प्रभावमा आएपछि ६ अप्रिल १९७५ ई० मा भारतीय सैनिक सिक्किमलाई आफ्नो कब्जामा लियो । यस कार्यमा सिक्किमका विरोधी नेता लेन्डुप दोर्जेले सघाएको थियो । सन् १९५८ मा चीनले गरेको तिब्बतमाथिको कब्जा विस्तारवादको नमूना मानिएन, तर सिक्किममाथिको कब्जा भारतीय विस्तारवादको उदाहरण बन्यो । नेपालका कम्युनिष्टहरूले पनि आफ्नो उद्धारक मन्त्र “भारतीय विस्तारवाद, मुर्दावाद” को जाप गरि रह्यो ।

सिक्किम जस्तै चीनको अझ बेसी प्रभाव नेपालमा बढेर गयो । पहिले पनि निहुँ खोजि रहेको चीन अहिले समृद्धि प्राप्त गरेपछि अझ बढि उन्मादित भएको छ । नेपाल एक हिसावले चीन कै कब्जामा रहेको यथार्थलाई नकार्न सकिन्न । एमाले, माओवादी चीनको प्रभावमा त छन् नै, लोकतान्त्रिक शक्ति भनाउँदा नेपाली काँग्रेस पनि विगत चीनको गतिविधीमा प्रयोग भएका कारण संदिग्ध बनेका छन् । संविधान घोषणाको विरोधमा थालिएको मधेश आन्दोलन नाकाबन्दीको उत्कर्षमा पुग्यो । ६ महिनाको नाकाबन्दी आन्दोलनले नेपाली जनता धेरै सास्ती भोग्यो । विरासतमा रहेको भारतप्रतिको आक्रोश एकाएक फुट्यो । मधेश आन्दोलन भारतले गराएको, भारतले नाकाबन्दी गरि आत्मसमर्पण गराउन खोजेको, आफ्नो देशको सार्वभौम अधिकार खतरामा रहेको भनेर संसारभरि नेपाल सरकारले ढोल पीटे । विश्व समुदायले प्रचारित कुरामा कुनै तथ्य नरहेको थाहा पाई चासो लिन छाडे । बरू संविधान घोषणाको पक्षमा दिएको समर्थन फिर्ता लिएर आन्दोलनरत पक्षको समस्या समाधान गर्न दबाव दिन थाले । भारतको विरोधमा विखरावमा रहेका राष्ट्रवादी ताकतलाई भारतको विरोधमा संगठित गर्न केपी शर्मा ओली सफल रह्यो । यही राष्ट्रवादी शक्तिले अहिले स्थानिय चुनावमा एमालेलाई पहिलो पार्टीको रूपमा उभ्याएको छ ।

भारतको कोई प्रत्यक्ष र कोही भित्रभित्रै विरोधमा रहेका नेपालका राज्य संचालक दलहरू (नेपाली काँग्रेस, एमाले र माओवादी) चीनको समर्थनमा मधेशलाई पछाडि धकेल्न पनि सफल भयो र आफ्नो वर्चस्व कायम गर्न पनि । नेपालको माटो, पानीलाई समेत भारतको विरोधमा उतारेर चीनका विश्वासपात्र बनेका नेपालका राजनीतिज्ञहरू हुनै लागेको भारत चीनको युद्धप्रति आफ्नो के धारणा बनाउला ? भारतसंग नेपालको धरातलीय विरोध जारी नै रहेकोले नेपाल ठूलो धर्मसंकटमा फँस्ने निश्चित छ । हिमाल वारिको यत्रो ठूलो भूभाग चीनको प्रभावमा रहोस्, भारत कुनै पनि हालतमा बर्दास्त गर्न सक्दैन । चीनसंग युद्ध गर्न अमेरिका समेत तयार रहेको अवस्थामा के यो युद्ध दुई देशबीच मात्र सिमित रह्ला ? दक्षिण एशियामा भारत चीन युद्ध तेश्रो विश्वयुद्धमा परिणत नहोला भन्न सकिन्न ।

चीन अनावश्यक रूपमा चारैतिर आफ्नो शक्ति प्रदर्शन गरिरहेकोले चीनको उन्माद युद्धसम्म जान सक्ने सम्भावनालाई कसैले रोक्न सक्दैन । चीनलाई सबक सिकाउन सबै शक्ति भारतको कित्तामा संगठित भएपछि चीनको जिद्दलाई रोक्न युद्ध अवश्यम्भावी भएको छ । परिस्थितिले देखाई रहेको यो महाविनाशलाई रोक्न सकिएला ?

*क्रमश:*

janukjha24@gmail.com

# भारतीय राजदूतद्वारा विद्यालय भवनको उद्घाटन



*क्याम्पस भवनको शिलान्यास गर्दै नेपालका लागि भारतीय राजदूत मन्जिभसिंह पुरी ।*

काठमाडौं । नेपालका लागि भारतीय राजदूत मन्जिवसिंह पुरीले उदयपुरको जोगिडाहामा श्री जनता उच्च माध्यमिक विद्यालय भवनको उद्घाटन गरेका छन् । यसैगरी, राजदूत सिंहले उदयपुरकै बसाहामा भारतीय सहयोगमा निर्माण हुन लागेको श्री नारद आर्दश शिक्षा क्याम्पस भवनको शिलान्यास गरेका छन् । भारत सरकारले उक्त भवन निमार्णका लागि करिब ६५ लाख रूपैयाँ खर्च गर्नेछ । यो भवन नेपाल-भारत आर्थिक सहयोग कार्यक्रमअन्तर्गत रहेको साना विकास परियोजना मार्फत निर्माण हुन लागको हो । सो अवसरमा राजदूत सिंहले गुणस्तरीय शिक्षाका लागि उपयुक्त पूर्वाधार आवश्यक रहेकोमा जोड दिए । साथै राजदूत पुरीले कक्षा १०, ११ र १२ मा उच्च अंक ल्याउने दुवै विद्यालयका विद्यार्थीहरूलाई महात्मा गान्धी छात्रवृत्ति प्रदान गर्ने पनि घोषणा गरे ।

# जलेश्वरमा अभिभावक मेला हुने

जलेश्वर । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरमा अभिभावक मेलाको तयारीलाई तीव्र पारिएको छ । ‘बालबालिकाको अन्तरनिहित क्षमता प्रष्टफुटनका लागि गुणस्तर अभिवृद्धि तथा अभिभावक संलग्नता’ नाराका साथ महोत्तरीमा भदौं ३ गते अभिभावक मेला २०७४ आयोजना गरिने जनाइएको छ । प्रारम्भिक उमेरका बालबालिकाको उपयुक्त स्याहार, हेरचाह तथा विकासका लागि जनचेतना जगाउने तथा यसमा बुबाको भूमिका र सहभागिताको महत्व बुझाउनका लागि अभिभावक मेला आयोजना गर्न लागिएको सञ्चार तथा समन्वय उपसमितिका संयोजक तथा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका सभापति कमलेश मण्डलले जानकारी दिए ।

शिक्षा विभागको सहकार्य तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवा र युनिसेफको सहयोगमा महोत्तरी जिल्लाको सदरमुकाममा पहिलो चोटी मनाउन लागिएको यो मेलाबाट प्रारम्भिक उमेरका बालबालिका र उनीहरूका अभिभावकहरू लाभान्वित हुने जनाइएको छ । अभिभावक मेलाका लागि बसेको एक बैठकबाट स्थानीय विकास अधिकारी तथा जिल्ला प्रारम्भिक बालविकास बोर्डका अध्यक्ष युवराज पौडेलको अध्यक्षतामा २१ सदस्यीय मूल आयोजक समिति बनाइएको छ । मूल आयोजक समितिको उपाध्यक्षमा जिल्ला शिक्षा अधिकारी ठुलोबाबू दाहाल, सदस्यहरूमा जलेश्वर नगरपालिकाका कार्यकारी अधिकृत सेरे मुस्तफा, प्रहरी नायव उपरीक्षक दिपक पोखरेल, महिला तथा बालबालिका कार्यालयका बाल संरक्षण अधिकृत रमेश राई रहेका छन् ।

त्यसैगरी, जनस्वास्थ्य निरीक्षक सन्तोषकुमार ठाकुर, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका इन्जिनियर सुरेन्द्र शर्मा, जिल्ला समन्वय समितिका सामाजिक विकास अधिकृत शैलेन्द्र पाण्डेय, जिल्ला शिक्षा कार्यालयका प्रारम्भिक बालविकास फोकल पर्सन अरूणशंकर पाठक, रेडक्रसका सभापति दिपक मिश्र र नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका सभापति कमलेश मण्डल लगायतकालाई पनि मूल आयोजक समितिमा राखिएको जनाइएको छ । मूल आयोजक समितिअन्तर्गत रहेर ९ वटा उपसमिति समेत बनाइएको छ । जसमा व्यवस्थापन उपसमिति, स्टल तथा स्टेज व्यवस्थापन उपसमिति, अभिनन्दन उपसमिति, आकस्मिक उपचार उपसमिति, खानेपानी तथा सरसफाई उपसमिति, स्वयम्सेवक व्यवस्थापन उपसमिति, सुरक्षा उपसमिति, सञ्चार तथा समन्वय उपसमिति तथा पुरस्कार छनोट समिति रहेका छन् ।

अभिभावक मेलामा २४ भन्दा बढी स्टलहरू राखिने र सो स्टलहरूमा प्रारम्भिक बाल विकासको महत्व र बाल अधिकार, बालबालिकाको हेरचाह र सुनौलो हजार दिनको महत्व, प्रारम्भिक बाल विकासमा बाबुको जिम्मेवारी, पौष्टिक खाना र खुवाउने तरिका, समयमै अपाङ्गताको पहिचान, खेल र खेलौनाको महत्व, स्तनपानको महत्वलगायतका बारे भिडियो र मौखिक जानकारी दिइने कार्यक्रम रहेको आयोजक समितिले जनाएको छ । बालबालिकाको प्रारम्भिक अवस्थामा गरेको लगानीले भोलीको राष्ट्रको भविष्य निर्धारण हुने भएको हुँदा अभिभावक तथा स्याहारकर्त्ताहरूको ज्ञान, सिप, बुझाई र व्यवहारलाई सुदृढ तथा अभिवृद्धि गरी असल अभिभावकको भूमिका निर्वाह गर्ने लक्ष्य यो मेलाले लिएको आयोजक मूल समितिका अध्यक्ष स्थानीय विकास अधिकारी युवराज पौडेलले जानकारी दिए ।

# रेल सेवा पुन:सञ्चालन हुने

धनुषा । देशको एकमात्र रेल सेवा ‘जनकपुर-जयनगर रेल्वे’ पुन: सञ्चालनमा आउने भएको छ । भारतको जयनगरदेखि जनकपुर हुँदै महोत्तरीको बिजुलपुरासम्मको रेलमार्गको पुन:निर्माण कार्य अन्तिम चरणमा रहेकाले यही वर्षको फागुनदेखि सञ्चालनमा आउने बताइएको छ । ५१ किलोमिटर लामो रेल लिकको पुन:निर्माण अन्तिम चरणमा पुगेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको रेल विभागले जनाएको छ । मर्मतसम्भार र उचित व्यवस्थापनको अभावमा जीर्ण बनेको जनकपुर-जयनगर रेलमार्ग तीन वर्षदेखि पूर्णरूपमा बन्द भएको थियो । बन्द भएसँगै भारत सरकारको पूर्ण सहयोगमा ब्रोडगेजमा रेल्वे निर्माण थालेको थियो । सन् २०१४ मा थालिएको पुन:निर्माण सन् २०१८ को मार्चमा सम्पन्न हुने भारतीय कम्पनीले जनाएको छ । नयाँ निर्माण भइरहेको रेलको लिक पहिलेभन्दा ठूलो (ब्रोडगेज) रहेको छ । अहिलेसम्म दुवैतर्फ स्टेसन, कार्यालय भवन, ट्र्याक बेड, भन्सार कार्यालय, कर्मचारीका लागि आवास गृह आदि निर्माण भइसकेको र अब अन्तिम कामका रूपमा लिक बिछ्याउने काम पनि धमाधम भइरहेको छ । ५१ किलोमिटर लामो यो खण्ड सञ्चालनमा आएपछि दोस्रो विश्वयुद्धभन्दा पहिले सुरू भएको नेपालको एकमात्र रेलमार्गले पुर्नजीवन पाउनेछ ।

# सप्तरीबाट निर्वाचन तयारी भेला सुरू गर्ने

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रदेश नं. २ को स्थानीय तहको तेस्रो चरणको निर्वाचन तयारी सप्तरीबाट प्रारम्भ गर्ने निर्णय गरेको छ । आगामी साउन १६, १७ र १८ गते क्रमश: सप्तरी, सिरहा र धनुषामा पार्टीका अध्यक्षसहित शीर्ष नेताको उपस्थितिमा निर्वाचन तयारी भेला गर्ने जनाइएको छ । तेस्रो चरणको निर्वाचनमा पार्टीलाई अग्रस्थानमा स्थापित गराउने उद्देश्यले भेला गराउन लागिएको बताइएको छ । दुई चरणमा सम्पन्न स्थानीय तह निर्वाचनमा पार्टीले अपेक्षाकृत नतिजा प्राप्त गर्न नसकेपछि अब जनतासँग बृहत् अन्तर्क्रिया, घरदैलो, राजनीतिक भेलालगायत कार्यक्रम गरिने छ ।

# जिल्ला अस्पतालको फार्मेसी सेवा

रौतहट । जिल्ला अस्पताल गौरमा फार्मेसी सेवा सञ्चालन गरिएको छ । उपचार गराउन आउने सेवाग्राहीहरूलाई सहज रूपमा नेपाल सरकारबाट उपलब्ध हुन नसकेको औषधि प्राप्त हुने उद्देश्यले निजी लागनीमा फार्मेसी सेवा सञ्चालन गरिएको हो । अस्पतालबाट निशुल्क मिल्ने औषधि बाहेक खरीद गर्नु पर्ने औषधिहरू पनि राखिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर नबल किशोर झाले बताएका छन् । डाक्टर झाले भने अस्पतालको आतंरिक आमदानीबाट यो सेवा सञ्चालनमा ल्याइएको छ । उपचार गराउन आउने विरामीहरूलाई निशुल्क उपलब्ध हुने औषधि बाहिर खरीद गर्दा चर्को मूल्य तिर्नु पर्ने अवस्था रहेकोले अब शुलभ रूपमा औषधि प्राप्त गर्न सकिने बताउँदै डाक्टर झाले अस्पतालले सञ्चालन गरेको फार्मेसी सेवाबाट नै चिकित्सकले लेखिने औषधि खरीद गर्न आग्रह गरेका छन् । खरीद गरिएको नेट मूल्यमा १० प्रतिशत थप गरी सेवाग्राहीहरूसँग बिक्री गरिने छन् । दवाईमा प्रिंट गरिएको एमआरपि मूल्यभन्दा १० देखि २० प्रतिशत कम मूल्यमा औषधि उपलब्ध हुने डाक्टर झाले जानकारी गराएका छन् । अस्पतालको मुख्य गेटमा सञ्चालन रहेको निजी औषधि पसलबाट महंगो मूल्यमा औषधि खरीद गर्ने झन्झटबाट विरामीका कुरूवाहरूले मुक्ति पाउने उनको विश्वास रहेको छ । करीव पाँच लाखको लागतमा सञ्चालन गरिएको फार्मेसी सेवामा २ वटा कर्मचारी खटाइएको जिल्ला अस्पतालले जनाएको छ ।

# स्थानीयबासीहरूलाई सस्ती

कपिलवस्तु । जिल्लाको कृष्णनगर नगरपालिकाको बजारमा ढल निकास नभएकोले स्थानीय र बाहिरबाट हाटबजार गर्न आएका जनतालाई सस्ती भएको छ । कृष्णनगर नगरपालिकाको वार्ड नं.२ को सबै सडकमा पानीले भरिएको छ । बाटोको दुबैपट्टी नगरबासीहरू घर बनाउने सामग्री राखेर बाटो कब्जा गरेका छन् ।

लोकतन्त्रको विकासका लागि शान्ति अनिवार्य शर्त हो । त्यसैले राष्ट्रिय शान्ति कायम गर्न सबैले यथोचित योगदान दिऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# राष्ट्रपति कोविन्दद्वारा शपथ ग्रहण

नयाँदिल्ली । भारतका नवनिर्वाचित राष्ट्रपति रामनाथ कोविन्दले १४औं राष्ट्रपतिको रूपमा पदको शपथ ग्रहण गरेका छन् ।

चीफ जस्टिस खेहरले उनलाई राष्ट्रपति पदको शपथ ग्रहण गराएका छन् । शपथ ग्रहणपछि उनले आफ्नो पहिलो सम्बोधनमा उनले भने, 'मलाई भारतको राष्ट्रपतिको दायित्व निर्वाचन गर्न दिने सबैलाई आभार व्यक्त गर्दछु ।'

राष्ट्रपति कोविन्दलाई पूर्वराष्ट्रपति प्रणव मुखर्जीले बधाई दिएका थिए । साथै उनलाई प्रधानमन्त्री नरेन्द्र मोदी लगायत विभिन्न छिमेकी राष्ट्रप्रमुखहरूले समेत सफल कार्यकालका लागि शुभकामना व्यक्त गरेका छन् ।



*नवनिर्वाचित राष्ट्रपति रामनाथ कोविन्द (दायाँ)लाई शपथ ग्रहण गराउँदै चिफ जस्टिस खेहर (बायाँ)*

# सीपीईसी योजना बन्द गर्न निषेधात्मक प्रयास अत्यावश्यक

**–स्यामुएल वैद**

यसवर्ष मार्च २३ तारिखका दिन ब्रिटिश संसद्ले सीपीइसीजस्तो योजनाको सञ्चालनविरूद्ध एक जबरदस्त प्रस्ताब पारित गरेको छ । त्यस प्रस्तावमा यस्तो उल्लेख गरिएको छ– 'गिल्गिट–बाल्टिस्तान भारतीय राज्य जम्मु र कश्मिरको वैधानिक र संवैधानिक भाग भए पनि सन् १९४७ देखि नै अवैधानिकरूपमा पाकिस्तानले त्यसमाथि कब्जा जमाउँदै आएको छ ।' त्यस प्रस्तावमा सहीरूपमा यो पनि घोषणा गरिएको छ कि त्यस क्षेत्रको भौगोलिक संरचना परिवर्तनको प्रयास स्टेट सबजेक्ट और्डिनेन्सलाई उल्लंघन गर्दै गरिएको थियो भने अहिले जबरजस्ती अवैधानिकरूपमा त्यस विवादित भू–भागमा 'चीन–पाकिस्तान इकोनोमिक कोरिडोर' निर्माण गरी अर्को हस्तक्षेप गरिएको छ । पाक अधिनस्थ कश्मिर र सिन्धमा समेत त्यस योजनाको विरूद्धमा व्यापक प्रदर्शन गरिएको छ । पाक अधिनस्थ कश्मीरका जनताले त्यस योजनाको विरोध गर्नुको कारण त्यसको सञ्चालनका क्रममा तिनीहरूको जग्गा–जमिन र जीविकाको साधनबाट तिनीहरूलाई विमुख पारे पनि उचित वैकल्पिक क्षतिपूर्ति दिइएको छैन । त्यस्तै सिन्धका जेय सिन्ध मुत्ताहिना महज ( जेएसएमएम) सिन्ध प्रान्तको राष्ट्रिय पार्टीको नेतृत्वमा जोडदार विरोध प्रदर्शन गर्दै पाकिस्तानबाट स्वतन्त्र हुन माग गर्दै त्यस क्षेत्र भएर जाने त्यस योजनालाई तुरून्त बन्द गर्न समेत आवाज उठाएका छन् ।

सिन्धीहरूले धेरै लामो समयदेखि पाकिस्तानबाट अलग हुने स्वतन्त्रताको माग गर्दै आएका छन् । सैनिक दबाबको जल्दोबल्दो पीडा शान्तिपूर्वक सहँदै आएका सिन्धी समुदायले त्यस योजनालाई 'पञ्जावी साम्राज्यवादीहरूको सिन्ध र बलोचिस्तानमाथि आधिपत्य जमाउने विस्तारवादी षडयन्त्र' ठानेका छन् । थुप्रै सिन्धी नेताहरूले सीपीईसीको सञ्चालन सम्बन्धमा आफ्नो शंका यस प्रकार व्यक्त गरेका छन्– 'यस योजनाले यस क्षेत्रमा अन्तराष्ट्रिय संघर्ष र परमाणु अस्त्रको प्रतिस्पर्धालाई बढाउनका साथै भारतीय महासमुदायमाथि चिनियाँ आक्रमणको सैनिक रणनीतिक स्वरूप प्रदर्शित गर्नेछ ।' यसवर्ष मे महिनाको शुरूमा ब्रसेल्समा यसै विषयमा आयोजित एक सम्मेलनमा विश्व सिन्धी कांग्रेसका अध्यक्ष डा.रूबिना ग्रीनबुडले एक मौलिक प्रश्न उठाएकी थिइन– 'विकास कसका लागि र किन ?' उनले बताइन कि सिन्धीहरूसँग कहिल्यै पनि सम्पर्क गरिएन, जबकि त्यस योजनामा सिन्धी क्षेत्रको ७५ प्रतिशत समाविष्ट रहेको छ । पाकिस्तान सरकारले अल्पसंख्यक जनसंख्याको शोषण गर्दै केहि व्यापारिक र राजनीतिज्ञहरूलाई लाभान्वित गराउने उद्देश्यले त्यस योजनामा खरबौं लगानी गरेको छ, जबकि बहुसंख्यक समुदायको आधारभूत आवश्यकताको स्वच्छ पानी, खाद्यान्न, स्वास्थ्य र शिक्षामा लगानी गर्नुपर्ने थियो, तर त्यसमा नगरेको भनी पाकिस्तान सरकारमाथि आरोप लगाएकी थिइन् । दशकौं पूर्वदेखि बलोचिस्तानका जनताले त्रासयुक्त अवस्था अपहेलित जीवन बिताउँदै आएका छन् । पाकिस्तानबाट प्रकाशित अंग्रजी दैनिक 'डेलि टाइम्स' का एक पूर्वसम्पादक रशीद रहमानले ब्रुसेल्स सम्मेलनमा बलोचिस्तानलाई राज्यद्धारा रित्तो पारिएको छ, जहाँ हमेशा यातना, गैरकानूनी जेल सजाय र मृत्युका घटनाहरू बारे कुनै सार्वजनिक जानकारी नदिई गोप्य राख्ने काम शुरूदेखि नै हुँदै आएको छ भनी जानकारी गराएका थिए ।

सीपीईसी योजनाले बलोचका जनताको जीवन झन् ज्यादै कष्टमय बनाइदिएको छ र त्यो पाकिस्तानको ज्यादाती र बेवास्ताका कारण भएको हो । ब्रुसेल्स सम्मेलनमा यूरोपियन युनियनका लागि विश्व बलोच संगठनका एक प्रतिनिधि भूरदीन मेगलले पाकिस्तानमाथि आरोप लगाउँदै पाकिस्तानले त्यस योजनाको सञ्चालन गर्न र बलोचिस्तानको सम्पत्ति र प्राकृतिक संशाधनहरू सबैलाई रित्याएको धारणा व्यक्त गरेका थिए । अन्तमा उनले पाकिस्तानी सेनाद्धारा बलोचिस्तानका जनतामाथि हुँदै आएको घोरअत्याचार र मानवअधिकारको उल्लंघनप्रति विश्वले आँखा चिम्लिनु हुँदैन, किनकि सेना नै त्यहाँ न्यायाधीश, जुरी, सञ्चालक र निर्णायक रहँदै आएको छ । त्यसैले त्यस क्षेत्रको व्यापक विनाशको दुष्भावनाले सञ्चालित सीपीईसी योजनाको सञ्चालन बन्द गर्न विश्वव्यापीस्तरको निषेधात्मक प्रयास हुनु अत्यावश्यक छ । राष्ट्रवाणी साप्ताहिक

# समातिएपछि रोष प्रकट गर्दै निर्दोष हुने खेल खेल्ने

**–मंजुर अहमद**

पाकिस्तानले विश्वमंच आतंकवादी क्रियाकलापमा संलग्न रहेको अवस्थामा समातिएपछि र उसको भूमिका आतंकवादी तथा खुफियाहरू फेला परेपछि दोहोरो खेल विरोध गर्ने र सतर्कता अपनाउने, मुटुमा हान्ने र त्यसपछि आरोप लगाउने जस्ता खेल शुरूदेखि नै खेल्दै आएको छ ? जसको प्रत्यक्ष प्रमाणस्वरूप उसको अब्बोटावादमा सन् २०११ लुकेर बसेको ओसामा बिन लादेनलाई सोही वर्ष मे २ तारीखका दिन अमेरीकी विशेष सैन्यवल 'सील्स' त्यही पुगेर समाप्त पारेको थियो । त्यसै वर्ष सि.आई.ए. एक ठेकेदार र अमेरीकी संचालक वा कार्यकर्ता रेमण्ड डेभिसले लाहौरमा दिउँसो दुई जनालाई गोली हानी हत्या गरेका थिए । त्यसै वर्ष सि.आई.ए का कार्यरत ठेकेदारहरूको एक अनुगमन दलका एक जनाले तेस्रो व्यक्तिको हत्या गरेर फरार भएपछि त्यस अभियोगमा मिसाईएका भीड् डेभिडमाथि खनिएर उसलाई झ्यालखानामा हाल्न लगाई दिए पछि राष्ट्रपति बाराक ओबामाको प्रत्यक्ष हस्तक्षेप र ठूलो अमेरीकी दबाबपछि ४९ दिन पश्चात् डेभिडलाई मुक्त गरिएको थियो । दुबै प्रसंगका घटनाक्रमबारे पाकिस्तानमा ठूलो खर्च गरेर विस्तृत कथा लेख्न लगाईएको कुरा पछि खुल्न आएको थियो ।

प्रक्रियागत रूपमा पाकिस्तान एउटा त्यस्तो राष्ट्र हो अपराधिक र हिंसात्मक क्रियाकलापहरू सत्तासीन शीर्ष व्यक्तिहरूद्धारा पदमा रहेको र नरहेको दुवै अवस्थामा जानी–जानी गराउने काम हुँदै आएको छ । प्रत्येक सम्बद्ध व्यक्तिले पहिला विरोध गर्छ र उसको सार्वभौमसत्ताको उल्लंघन भएको वक्तव्य दिएर आक्रोश व्यक्त गर्दछ । त्यस पछि अमेरीकी सम्बन्धले अर्को नौलो मोड लिन्छ तर पनि त्यसको छिनोफानो पश्चात् त्यसलाई बिर्सिने गरिन्छ । यस प्रकार पाकिस्तानका जनता जसलाई कहिले सत्य बताइएको हुँदैन, पिडित हुँदै आएका छन्, जस्तो लाहौरमा मारिएका ती तीन जना रहेका थिए । ओसामा प्रकरणले पाकिस्तानलाई एक गलत राष्ट्रको रूपमा प्रदर्शित गरीदिएको छ, जस सम्बन्धमा निरन्तर रूपमा पखेज मुशर्रफ जस्तो सर्वोच्च स्तरबाट त्यही नलुकेको भनि अस्वीकार गर्ने कार्य गरी हरेकलाई निर्दोष भएको बाहाना गरेर देखाइएको थियो । अमेरीकाको 'सिल्स' ले पाकिस्तान सरकार र त्यसको सबभन्दा शक्तिशाली सेना र आई.एस.आई. समेतलाई त्यस गुप्त कारवाईको सुईको सम्म नदिए । ओसामा बिन लादेनलाई समाप्त पारे पश्चात् पनि अमेरीकाले पाकिस्तानमाथि कुनै आरोप नलगाई त्यस आरोप समेतबाट मुक्त गरेको थियो कि अब्बोटावादमा ओसामा रहेको बारे पाकिस्तानका कसैलाई जानकारी भएको कुनै परमाण थिएन भन्ने समेत घोषणा गरेको थियो ।

ओसामा बिन लादेनलाई सुरक्षित गृहमा लुकाईएको सम्बन्धमा जसरी कसैलाई जिम्मेवार बनाईएको थिएन त्यस्तै यु.एस.ए.एफ. हेलिकप्टरबाट ओसामा सहित उसको परिवार तथा अन्य संवेदनशील सामाग्रीहरू लिएर बाहिर जान दिनका लागि समेत स्वीकृति दिईएको थिएन ? त्यस्तै प्रकारको घटनाको पुनरावृत्ति रेमण्ड डेभिडद्धारा रहस्यपूर्ण ढंगले दोहोऱ्याएको थियो तर त्यसबाट लाहौरमा मारिएका तीन पिडितहरूका परिवारले रूँदा रूँदै त्यस वापतको क्षतिपूर्ति प्राप्त गर्न बाध्य बनाइएका थिए । मुम्बईमाथि भएको आतंकी आक्रमणका समयमा आइ.एस.आई. का प्रमुख रहेका लेफ्टिनेन्ट जनरल अहमद शुजा पासा अहिले त्यस घटना सम्बन्धी जानकारीका लागि सि.आई.ए. का पूर्व निर्देशक लिओन पनेट्टासँग भेट्न वाशिंगटन पुगेका थिए । जब पाशाले पनेट्टासँग त्यसबारे सोधे तब त्यसमा सि.आई.ए. को कुनै भूमिका नरहेको जबाफ दिएका थिए भन्ने कुरो रेमण्ड डेभिडले बताएका छन् । त्यस पछि पाशाले रिसाएर राजदूत क्यामेरोन मुन्टरसँग ह्वाईट हाउस र विदेश विभागका अधिकारीहरूसँग सोधेर स्पष्ट पार्न अनुरोध गर्दा पनि केहि स्पष्ट जानकारी पाएनन् । पाकिस्तानी पत्रकार र विश्लेषक जहिद हुसैनले डेभिडले लेखेको पुस्तक कन्ट्रैक्टर्स मा पनि त्यस बारे केहि खुलासा नगरिएको बताएका छन् । अन्ततः हुसैनले एक समिक्षकको रूपमा त्यो आक्रमण तत्कालीन राष्ट्रपति आसिफ अली जर्दारी र उनको पाकिस्तान पिपुल्स पार्टी विरूद्ध गरिएको बताएका थिए । सबैको निष्कर्षलाई नियाल्दा त्यस प्रकारको रहस्यमय क्रियाकलापहरू पछाडी शरीक परिवारका सदस्यहरू विरूद्धको छानबीनको प्रक्रियालाई अवरोधित पार्न निमित्त प्रधानमन्त्री नबाज शरीफ र उनको सरकारको नै हात रहेको रहस्य खुल्न आएको छ ।

पाकिस्तानी पत्रकार तथा विश्लेषक हुसैनले पाकिस्तानलाई संचालन गर्ने प्रणालीको निन्दा गर्दै भनेका छन् कि २०१० मा डेभिडद्धारा संचालित सबै घटनकमको निष्कर्ष हेर्दा यतिमात्र भन्न सकिन्छ पाकिस्तानमा सि.आई.ए. को संजाल स्पष्ट रूपमा संचालित रहँदै आएको छ । विगत एक वर्ष भन्दा बढी समयदेखि सयौं त्यस्ता संचालकहरू पाकिस्तान भित्र प्रवेश गरेर आई.एस.आई. र सि.आई.ए. बीचको शीतयुद्धलाई उत्तेजित पार्न दूतावासका अधिकारी तथा कन्टैक्टर्सहरू त्यस कार्यमा लागेका छन् । पाकिस्तान खासगरीकन अमेरीकी खुफियाहरूको निगरानीमा निर्धारित समयका लागि रहँदै आएको छ । हुसैनले बताएका छन् कि यो स्पष्ट छ कि संघिय पंजाव सरकारका सम्बद्ध सबै निकायहरू संकटको समाधानका क्रममा लागि परेका छन् ।

## पत्रपत्रिकाहरूबाट...

### 'भारतको जीएसटीले नेपाललाई फाइदा'

काठमाडौं । भारतले वस्तु तथा सेवा कर (जीएसटी) लागू गरे पनि नेपाललाई कुनै असर नपर्ने उद्योग वाणिज्य महासंघले जनाएको छ । महासंघ अध्यक्ष भवानी राणाले हालसम्मको अध्ययनले नेपालमा कुनै असर नपर्ने देखिएको बताइन् । उनले बरू केही क्षेत्रमा भने फाइदा पुग्ने बताइन् । वाणिज्य मन्त्रालयसँगको सहकार्यमा जीएसटी अध्ययन गर्न महासंघको टोली भारत गएको थियो । अध्ययन गर्दा जीएसटीले व्यापारमा असर नगर्ने देखियो,' उनले भनिन, 'पूर्ण रूपमा कार्यान्वयन हुँदा बजार व्यवस्थित हुन्छ । यसले औपचारीक व्यापार बढ्ने अपेक्षा गरेका छौं ।' महासंघको वर्तमान कार्यकारिणी समितिको एक सय दिन पूरा भएको अवसरमा आयोजित कार्यक्रममा वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले पनि असर नदेखिएको बताए । 'नेपाललगायत अन्य मुलुकमा विदेशी मुद्रा र भारतीय मुद्रामा निर्यात गर्दा जीएसटी लाग्दैन । त्यसको मतलव वस्तुमा कुनै प्रकारको जीएसटी लाग्दैन भन्ने प्रस्ट छ,' उनले भने । भारतबाट निर्यात हुने वस्तुमा जीएसटी नलाग्ने भएकाले यहाँ आउने सामानको भाउ पनि बढ्नेछैन । भारतबाट लिने सेवा ढुवानी, बिमालगायत अन्य सेवामा जीएसटी लाग्ने र नलाग्नेमा छलफल भएको उनले बताए ।

### नेपाल-भारत लगानी सम्मेलन हुने

काठमाडौं । नेपालमा भारतीय लगानी आकर्षित गर्ने उद्देश्यले 'नेपाल–भारत लगानी सम्मेलन' गरिने भएको छ । नेपाल उद्योग वाणिज्य महासंघले भारत उद्योग परिसंघ ( सिआइआई) सँगको सहकार्यमा लगानी सम्मेलन गर्ने भएको हो । दुई मुलुकमा रहेका निजी क्षेत्रबिचको साझेदारीमा आगामी अगस्टको अन्तिम या सेप्टेम्बरको पहिलो साता सम्मेलन आयोजना गरिने महासंघकी अध्यक्ष भवानी राणाले बताइन् । काठमाडौंमा आयोजना हुने सम्मेलनमा नेपाल र भारतका प्रतिष्ठित उद्योगी–व्यवसायीको सहभागिता रहनेछ । सम्मेलनलाई सम्बोधन गर्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई निम्तो गरिएको राणाले बताइन् । 'भारतीय प्रधानमन्त्री मोदीले सम्मेलनलाई सम्बोधन गर्न नेपाल आउने संकेत दिनुभएको छ,' उनले भनिन् 'उहाँकै समयतालिका हेरेर अगस्टमा गर्ने भनिएको सम्मेलन हामीले सेप्टेम्बरमा सारेका हौं ।'

### साना विकास परियोजना नवीकरण आवश्यक

काठमाडौं । भारतले साना विकास परियोजना (एसडिपी) कार्यक्रम निरन्तरताका लागि नेपालको उच्च राजनीतिक तहमा दबाब दिएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणअघि भारतीय पक्षबाट उक्त कार्यक्रम नवीकरणका लागि दबाब आएको हो । साना विकास परियोजना कार्यक्रमको म्याद ५ अगस्टमा सकिँदै छ। उक्त कार्यक्रमको निरन्तरताका लागि नेपाल-भारतबीच नवीकरण सम्झौता आवश्यक हुन्छ । उच्च सरकारी अधिकारीले भारतको साना विकास परियोजना कार्यक्रमलाई निरन्तरता दिने या नदिने भन्नेबारे छलफल भइरहे पनि टुंगो लागिनसकेको बताए । '१४ वर्षको अनुभव हेर्दा भारतको साना विकास परियोजना कार्यक्रमको नेपालमा प्रभावकारिता र उपादेयता देखिएको छैन ।' पूर्वपरराष्ट्रसचिव मधुरमण आचार्य भारतले साना विकास परियोजना कार्यक्रममार्फत गरिरहेको सहयोगको जवाफदेहिता र प्रभावकारिता नदेखिएको बताउँनुहुन्छ । 'साना खालका परियोजना जुन नेपाल आफैंले पनि बनाउन सक्छ । त्यसमा भारतले खर्च गरिरहनु आवश्यक छैन । बरू भारतले ठूला पूर्वाधार निर्माणमा सरकारी निकायसँग समन्वय गरेरै सहयोग गर्न सक्छ', उहाँले भन्नुभयो ।

## जिल्ला समाचार

### चित्रांश सेवा समितिका अध्यक्ष रहेनन्



विश्वनाथ लाल कर्ण

जलेश्वर । जलेश्वर नगरपालिका-४ का चित्रांश सेवा समितिका अध्यक्ष तथा पूर्वप्राधानाध्यापक विश्वनाथ लाल कर्णको निधन भएको छ । बुधबार साँझ करीब ५ बजे ७२ वर्षको उमेरमा हृदयघातका कारण उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ । उनी महेन्द्र माविका हेडमास्टरका रूपमा कार्य गरी अवकाश समेत प्राप्त गरिसकेका थिए । उनको तत्परता र लगनशिलताका कारण नै चित्रांश सेवा समितिको धर्मशाला निर्माण भएको समितिका सचिव अर्पण कर्णले जनाएका छन् । समितिका सचिव कर्णले 'असमायिक निधनका कारण हामी कायस्थ समाज र सुगाका भरभलादमीहरू समेत दुःखित भएका छौं । वहाँको असमायिक निधनका कारण उहाँको आत्मालाई शान्ति देओस् भनी भगवानसँग प्रार्थना समेत गर्छौं ।' भनेका छन् ।

### संविधान संशोधन हुन सक्दैन : गौतम

बाँके । नेकपा एमाले का कार्यवाहक अध्यक्ष बामदेव गौतमले कुनै पनि हालतमा संविधान संशोधन हुन नसक्ने दाबी गरेका छन् । उनले संविधान संशोधनमा एमालेले सहयोग नगर्ने बताएका छन् । प्रदेश नं ५ अन्तर्गतका जिल्लाबाट स्थानीय तह निर्वाचनमा एमालेका तर्फबाट विजयी जनप्रतिनिधिका लागि आयोजित अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै कावा अध्यक्ष गौतमले कसैलाई खुशी बनाउन मात्रै आफ्नो दल संविधान संशोधनको कार्यसूचीमा सहभागी नहुने स्पष्ट पारेका छन् । उनले किन र केका लागि संविधान संशोधन गर्ने भन्ने भन्ने पुष्टि नभएकोले एमाले संशोधनमा सहमति नजनाउने दाबी गरेका छन् ।

### असहयोग गर्नेलाई कारबाहीको सिफारिस

कपिलवस्तु । नेपाली कांग्रेस शिवराज नगर समिति कपिलवस्तुले स्थानीय तहको निर्वाचनमा पार्टीका उम्मेदवारहरूलाई असहयोग गरेको भन्दै २४ जनालाई कारबाहीका लागि सिफारीस गरेको छ । नगरसमितिको आइतबार बसेको समीक्षा बैठकले शिवराज नगरपालिकामा कांग्रेसका विरूद्ध बागी तथा असयोग गर्नेहरूको नामावली जिल्ला अनुशासन समितिमा सिफारीस गरिएको कांग्रेस शिवराजले बताएको छ । शिवराज नगरपालिकामा नेपाली कांग्रेसको जित निश्चित हुँदाहुँदै पनि पार्टी भित्रबाटै अन्तर्घातका कारण पराजय भोग्नु परेको बैठकले निष्कर्ष निकालेको छ । पार्टी भित्र बसेर अन्तर्घात, असहयोग तथा स्वतन्त्र उम्मेदवारी दिएकाहरूलाई कारबाहीको सिफारीस गरिएको नगर सचिव कृष्ण थापाले जानकारी दिए । थापाका अनुसार वडा न ५ चन्द्रौटाबाट जमसेर अलि मियाँ, हरिप्रसाद पोखेल, मकवुल मियाँ, रामप्रसाद वन्जाडे, विष्णु पोखेल, मधुसुदन कोइराला, कृष्ण प्रसाद पौडेल, रिता पौडेल, कृष्ण विक्रम जिसी, ओम सारू र सुरेश जयसवाललाई कारवाहीका लागि सिफारीस गरिएको छ । त्यस्तै, वडा नं. २ बाट आत्माराम पाण्डे, वडा नं. ४ बाट सर्जु गुप्ता, नुरउल्लहख खान, हुकुमदार मुस्लमान, त्रिलोकी यादव, रामवरण बढई र करमुल्ला धुनियाँलाई कारबाहीको सिफारीस गरिएको छ । वडा नं. ११ बाट दुखहरण यादव, वडा न १० बाट सविर पठान, वडा नं. ६ बाट रामसम्मुत यादव, जगदीश कुर्मी, तौलेश्वर प्रसाद चौधरी वडा नं. ७ बाट पुजारी प्रसाद चौधरीलाई कारबाही सिफारीस गरिएको कांग्रेसले जनाएको छ । नगर सभापति समेत रहेका चौधरीलाई भर्खरै सम्पन्न नगर कार्यपालिकाको निर्वाचनमा पार्टीलाई असहयोग गरेको भन्दै कारबाही सिफारीस गरिएको बताइएको छ ।

### सुनचाँदी व्यवसायीको अध्यक्षमा सर्राफ

वीरगंज । पर्सा सुनचाँदी व्यवसायी संघको दोश्रो साधारण सभाबाट नवनिर्वाचित पदाधिकारीहरूलाई एक समारोहका बीच शपथ ग्रहण गराइएको छ । संघको दोश्रो विशेष साधारण सभाबाट निरज उर्फ मुन्ना सर्राफको अध्यक्षतामा चयन भएको १५ सदस्यीय नयाँ कार्यसमितिका पदाधिकारीहरूले पद तथा गोपनियताको सपथ लिएका छन् । संघको सभा कक्षमा सम्पन्न सपथग्रहण समारोहमा नवनिर्वाचित अध्यक्ष मुन्ना सर्राफले दोश्रो पटक अध्यक्ष पदको सपथ लिएका छन् । यस्तै संघको उपाध्यक्षमा निर्वाचित गणेश प्रसाद सोनार, रामनरेश प्रसाद सोनार, महासचिवमा प्रवेशकुमार सर्राफ, सचिव अशोक प्रसाद सोनार, कोषाध्यक्षमा जयप्रकाश सर्राफ, सदस्यहरूमा अभिषेक सर्राफ, मणीहर्ष शाक्य, हिरालाल साह सोनार, लक्ष्मण प्रसाद सोनार, सुरज सर्राफ, संजय प्रसाद सोनार, राकेश सोनार, भैरब प्रसाद सोनार, महिला सदस्यमा पुजा देवी सर्राफले पद तथा गोपनीयताको सपथ लिएका छन् ।

### होटल पर्यटन मैत्री बनाइने : मेयर सुवेदी

चन्द्रकान्त खनाल, रूपन्देही । बुटवल उपमहानगरपालिकाका मेयर शिव सुवेदीले बुटवलका होटल तथा रेष्टुरेण्टहरूलाई पर्यटनमैत्री बनाउन आफूले पहल गर्ने बताए । होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ, रूपन्देहीले गरेको कार्यक्रममा सुवेदीले उक्त कुरा बताएका छन् । सोही अवसरमा संघले निर्माण गरेको भवनको दोस्रो तलाको पनि उद्घाटन मेयर सुबेदीले उदघाटन गरे । सो अवसरमा बोल्दै सुवेदीले स्टार होटलहरूका लागि दक्ष जनशक्ति उत्पादन गर्न सकेमा बुटवलको पर्यटन क्षेत्र फस्टाउने उनको भनाई थियो । यहाँको पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्ने योजना अगाडि बढाएको छ भन्दै त्यसको लागि बुटवलका होटलहरू स्तरीय र पर्यटकमैत्री हुनुपर्ने मेयर सुबेदीले बताए ।

### जेठाज्यूद्वारा बुहारीमाथि बलात्कार प्रयास

धिरेश दत्त, धनुषा । आफ्नै सहोदर भाईकी श्रीमति अर्थात् बुहारीलाई जेठाज्यूले बलात्कारको प्रयास गरेका छन् । नकटाझिझ गा.वि.स.वडा नं.४ हाल मिथिला नगरपालिका वडा नं २ मा बस्दै आएको सुबध मुखियाको छोरो अन्दाजी बर्ष ५१ को रामआशिष मुखिया आफ्नै सहोदर भाईकी श्रीमति अर्थात् बुहारीलाई बलात्कारको प्रयास गरेका छन् । बुहारीले जेठाज्यू रामआशिष मुखियालाई केहि रकम सापटी दिएको र त्यो रकम माग गर्न जाँदा विपक्षि घरमै चरम यातना दिई बाहिर बोलिस् अथवा प्रहरी प्रशासनमा खबर गरिस् त ज्याान मार्ने धम्की समेत दिदै आईरहेको थियो । यातना सहेर पनि घरमै बस्दै आएकी महिला असार १५ गते खेतमा काम गर्न जाँदा जेठाज्यू रामआशिष मुखिया र तीनका सहयोगी घुरण मुखिया दुबै जना मिली त्यो महिलाको सम्पूर्ण कपडा च्यात चुत गरी नाङ्गै बनाई लछार पछार गर्दै जबरदस्ती कर्णी गर्न खोज्दा पिडित महिलाले हार गुहार गर्दा गाउँलेहरू जम्मा हुँदा त्यो भाग्नमा सफल भएका थिए । गाउँलेहरू ती महिलालाई कपडाले ढाक छोप गरि घर ल्याएका थिए ।

### कपिलवस्तुमा शैक्षिकस्तर खस्किदो

मो. इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्ला शिक्षा कार्यलयको वार्षिक प्रगति समिक्षा बैठक सम्पन्न भएको छ । जिल्लामा रहेका १६० संस्थागत, ४३१ सामुदायिक, ५२८ बालबिकास केन्द्र र १९० मदरसाको तथ्याङ्कअनुसार यो वर्ष शौक्षिक सिकाइ ५१ प्रतिशत रहेको र कूल विद्यार्थीमध्ये अहिले छात्राको सख्या छात्रभन्दा १ प्रतिशत बढी रहेको तथ्याङ्क सार्वजनिक गरेको छ । पछिल्लो समय कपिलवस्तुमा विद्यालय भर्ना दर पनि बढ्न सफल भएको, आधारभूत कक्षातर्फ १ देखि ५ सम्म ९७ प्रतिसत विद्यार्थी भर्ना भएका छन् भने १ देखि ८ सम्म भर्ना हुनेको संख्या ८८ प्रतिशत रहेको छ । जुन तथ्यांकमा दर्ता बिना सञ्चालन भएका तथा नेपालमा घर भई भारतमा पढ्नेको सख्या नभएकोले पनि भर्ना १०० प्रतिशतको नजिक पुग्न सकेको जिल्ला शिक्षा कार्यालयका निमित्त कार्यकारी अधिकृत थानेश्बर ज्ञवालीले बताएका छन् ।

### मधुश्रावणी सम्पन्न

विराटनगर । तराई मधेशका मैथिली समुदायका नवविवाहिताले लामो सुहाग (लामो आयु) का लागि मनाउने मधुश्रावणी पर्व बुधबार विधिपूर्वक सम्पन्न भएको छ। मधुश्रावनी पर्व खास गरी व्राह्मण, कायस्थ, क्षेत्रि, व्यास लगायतका जातिका नव विवाहिता युवतीहरूले विवाह गरेको पहिलो वर्ष यो पर्व अनिवार्य रूपमा मनाउनु पर्ने हुन्छ । सो पर्व करी पन्द्र दिन सम्म चल्ने पर्वको पहिलो दिन नाग पंचमी अर्थात अषाढ २९ गते शुरू त्रितिया अर्थात बुधबार ११ गते विधीवत रूपमा सम्पन्न भएको छ । विहे भएको पहिलो पर्व मनाउने मधु श्रावणी पर्वका लागि माटोको नाग, नागीन, भगवान शिव पार्वतीको मुर्तिहरू राखी पतिको दिर्घायूका लागि नुहाई धुवाई गरी फलफूल मिष्ठान धुप अगरवत्ती लगायतका सामग्री लिएर प्रत्येक दिन पुजापाठ गरी २४ घटामा एकपटक अरूवा खानेकुराहरू सुर्य अस्ताउनु भन्दा पहिले खानु पर्छ ।


हाम्रो पार्टी "एक मधेश एक प्रदेश" मागको बिरूद्धमा दृढ छ । यो अनावश्यक मात्र होइन हानिकारक छ । कसैमा कुनै भ्रम नरहोस् । **नारायणकाजी श्रेष्ठ**


दल जब फुल्छ, घमण्ड बढ्छ, जब खुम्चिन्छ, एकता शुरू हुन्छ । साझा र विवेकशील, बाबुराम र उपेन्दन, माओवादी केन्द्र र वैद्य । एकताको यो नाटक दृश्यबाट लोप हुने भयको सूचक । **खगेन्द्र संग्रौला**


खसआर्य, मधेशी र जनजाती । जातिय कलस्टरको आधारमा हेर्दा नेपाली समाजको संरचना यही नै हो । तिनै कलस्टरको जनसंख्या लगभग बराबर तर राज्य र राजनीतिमा खसआर्य मात्रको बर्चस्व । यो सत्यलाई माओवादीहरूले जनयुद्ध कालमा उठाउने प्रयास गरेका थिए तर संविधान निर्माणको बेला त्यसमा अड्न सकेनन् । **तुलानारायण साह**


जनकपुरको अनियमितता हुने सरकारी गैर सरकारी कार्यलयहरूमा को-को छन् प्रतिनिधिहरू, नागरिक समाज, पार्टी, पत्रकार, महिला, युवाको तर्फबाट ? उहाँहरू अलि बढी जवाफदेहिता हुनुपर्छ । **कृष्ण सिंह**


७ दशकमा ६ राजनीतिक ब्यबस्था बदलियो संस्कार बदलिएन । ७ दशकमा ७ संबिधान आयो तर राज्यको आचरण बदलिएन । देशमा लोकतन्त्र आयो तर देश लोकतान्त्रिक भएन । **मनिष झा**


फोरमसँग एकता हुनै लागेको थियो, प्रचण्डको आह्वान पछि बाबुराम ब्याक भए, यादवको नेतृत्वमा जानु भन्दा माओ पार्टीमा जाँदा राम्रो हुने नयाँ शक्तिमा आवाज उठ्यो, रातारात सहमती भाँडियो । बाबुरामकै कारण मधेशवादलाई छोडेको फ़ोरम एक्लो भयो । बाबुरामलाई फर्काउनकै लागी प्रचण्ड कार्यकारी प्रमुखलाई मुख्य एजेन्डा बनाउन लागेका हुन् । **पुरण गुप्ता**


प्रचण्डले मधेश आन्दोलन चरम उत्सर्गमा पुगेको बेला डा.बाबुराम भट्टराईलाई मधेशी मोर्चालाई विभाजन गर्न नयाँ शक्तिको रूपमा प्रयोग गरे र हदसम्म सफल पनि भए । अहिले अर्को संस्करणमा पार्टीका मधेशी चेहरा मातृका प्रसाद यादवलाई "समग्र मधेस एक प्रदेशको नारा" उठाउन लगाएर मिसन एजेन्डा डाइभर्टको लागि मधेस छिराउँदै छ । **अनिल अहमद**


जब हारको कारण पार्टीले अन्तरघात मात्र देख्छ समस्या त्यही शुरू हुन्छ । संसारमा सबभन्दा सजिलो भनेकै अर्कालाइ दोष दिने हो । कांग्रेसले पनि त्यही गरेछ । **सम थापा**

# जीवनसँग साक्षात्कार

*यात्रा छ जीवन*
*छ बढ्नु अगाडि*
*बसी राख्नु जडता*
*हो पाइला पछाडि ।* (पृ.८२)
...
*स्वार्थमुखि सत्कर्म*
*स्वाभाविक स्वधर्म*
*परमार्थ गर्नु*
*हो जीवनको मर्म ।* (पृ.९४)
...
*कहिले देखाउँछन्*
*रोदन र बिलौना*
*बालकबालिका प्राय:*
*वृद्धका खिलौना* (पृ.१३०)

माथिको पंक्तिको भाव र मर्मले जीवनको महत्वलाई गम्भीरतापूर्वक प्रकट गर्छ । मैथिल कवि रूद्र नारायण झाले आफनो पछिल्लो पुस्तक *'जीवन सूत्र'* मार्फत् यस्तै भाव पस्केर जीवनको यर्थात ज्ञान बाँड्नु भएको हो । काठमाडौंको समीक्षा पब्लिकेसनले यसै वर्ष प्रकाशन गरेको झाको जीवन यात्राको काव्यात्मक स्वरूपले जीवनलाई नजिकबाट सिक्ने प्रेरणा दिन्छ ।

साहित्यिक द्रष्टा व्यक्तित्वका रूपमा परिचित झा सैद्धान्तिक तथा विधागत सैद्धान्तिक रूपमा प्रखर र प्रबल रूपमा उदाएका छन् । यिनका बहुआयामका क्षेत्र ओगट्ने क्षमता अनुकरणीय छ । विशेषगरी कृतिलाई अन्तरयथार्थका रूपमा प्रस्तुत गर्नु उनको विलक्षण प्रतिभा हो ।

*जीवन सूत्र*को माध्यमबाट उनले जीवन र जगतसँग मात्र साक्षत्कार गराउने प्रयास गरेका होइनन्, जीवनलाई सहि रूपमा जिउने कला पनि सिकाएका छन ।

कविले जीवनको व्याख्या मात्र होइन यसको तात्विक विशेषतालाई लयात्मक रूपमा सरल ढंगले कवितात्मक शैलीमा प्रस्तुत गरेर आफनो उत्कृष्ट सिर्जनशीलता देखाएका छन । उनको लेखाइको शैली, भाव व्यक्त गर्ने कला र जीवनको महत्वलाई दर्शाउने क्षमता अनुपम छ ।

आफनो सारा जीवन शिक्षण पेशामा बिताएका रौतहट, मत्सरीका यी मधेशी ब्राह्मण र मैथिली भाषीले पनि नेपाली भाषामा यस प्रकारको उत्कृट रचना गर्न सक्छन् भन्नेका लागि एउटा गतिलो जबाब पनि हो *जीवन सूत्र*।

झाको नेपाली भाषामा यो पहिलो पुस्तक भएपनि यसको सरलता, मिठास र काव्यात्मकताले चाँच्चै पहिलो पुस्तक नै हो भन्ने झट्ट विश्वास गर्न कठिन हुन्छ । तर यर्थात यहि हो । झाले यसअघि अङ्ग्रेजीमा *क्राइ* र *रिभोल्यसशन* तथा हिन्दी भाषामा *संबल* लेखेर आफनो साहित्यक क्षमतालाई पूर्ण प्रदर्शन गरे पनि आफनै मातृभाषा मैथिलीमा रचना नगर्नु निश्चय पनि दुर्भाग्य हो ।

यद्यपी, *जीवन सूत्र*ले उनको साहित्यिक कलालाई मात्र उजागर गरेको छैन कि उनको नेपाली भाषामा रहेको दक्षतालाई पनि प्रमाणित गरेको छ । मधेशीहरू पनि नेपाली भाषामा कसरी दक्ष छन् त्यसको एउटा गतिलो उदाहरण पनि हो यो ।




**पुस्तक समीक्षा**

**पुस्तक : जीवन सूत्र**
**लेखक/सम्पादक : रूद्र नारायण झा**
**भाषा : नेपाली**
**प्रकाशक : समीक्षा पब्लिकेशन प्रा.लि.**
**मूल्य : रू. २००।- (व्यक्तिगत)**
**रू. ४००।- (संस्थागत)**
**पृष्ठ : १४३**

# नेपाल-भारत संयुक्त विज्ञ टोलीको बैठक सम्पन्न



काठमाडौं । सप्तकोशी उच्च बाँध बहुउद्देशीय परियोजना तथा सुनकोशी डाइभर्सनसम्बन्धी नेपाल-भारत संयुक्त विज्ञ टोलीको १५ औं बैठक काठमाडौंमा सम्पन्न भएको छ । टोलीको नेपाली पक्षको नेतृत्व विद्युत विकास विभागका महानिर्देशक नवीनराज सिंह र भारतीय पक्षको नेतृत्व केन्द्रीय जल आयोग नदी व्यवस्थापनका सदस्य प्रदीप कुमारले गरेका थिए । बैठकले १४ औं बैठकको समीक्षा गरेको थियो । बैठकले सप्तकोशी-सुनकोशी छानविन कार्यालयको समयावधि थप ३० महिना थप्ने निर्णय गरेको छ ।

# केन्द्रीय कार्यसमितिको बैठक २१ गतेदेखि सुरू हुने



काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालको अध्यक्षमण्डलको बैठक सम्पन्न भएको छ । राजपा केन्द्रीय कार्यालयमा बिहीबारदेखि शुक्रबारसम्म चलेको बैठकले यही महिनाको साउन १८ गतेदेखि २० गतेसम्म पदाधिकारी बैठक गर्ने निर्णय गरेको छ भने २१ गतेदेखि केन्द्रीय समितिको बैठक बोलाएको छ । शुक्रबार बैठकपश्चात राजपाका अध्यक्षमण्डलीय संयोजक महन्थ ठाकुरले एक प्रेस विज्ञप्ति जारी गरी सो निर्णय गरेको हो । केन्द्रीय कार्यसमितिको बैठकमा सम्बद्ध वर्गीय संगठनहरूका केन्द्रीय अध्यक्ष एवं जिल्ला अध्यक्षमण्डलका अध्यक्षहरूलाई आमन्त्रित गर्ने निर्णय गरेको विज्ञप्तिमा उल्लेख छ । यसअघि, राजपा नेपालका सहअध्यक्ष हृदयेश त्रिपाठी समूहले केन्द्रीय कार्यसमितिको बैठक बोलाउनुपर्ने माग गर्दै आएका छन् ।

# प्रधान सेनापति र भारतीय असाम राइफल्सका महानिर्देशकबीच भेटवार्ता



*प्रधानसेनापति र भारतीय असाम राइफल्सका महानिर्देशकबीच भेटवार्ताको*

काठमाडौं । प्रधान सेनापति राजेन्द्र क्षत्रीसँग भारतीय असाम राइफल्सका महानिर्देशक लेफ्टिनेन्ट जनरल शोकिन चौहानबीच भेटवार्ता भएको छ । मंगलबार जङ्गी अड्डामा प्रधानसेनापति क्षत्री र चौहानबीच शिष्टाचार भेटवार्ता भएको हो । उक्त भेटवार्ताका क्रममा प्रधान सेनापति क्षति र लेफ्टिनेन्ट जनरल चौहानबीच आपसी हितका समसामयिक विषयहरूमा छलफल भएको जनसम्पर्क तथा सूचना निर्देशनालयले विज्ञप्तिमार्फत जनाएको छ ।

# विन-विन विकास सहकार्य आवश्यक : राजदूत पुरी



मन्जिभसिंह पुरी

काठमाडौं । भारतीय राजदूत मन्जिभसिंह पुरीले भारत-नेपाल सम्बन्ध विश्वासकै आधारमा अघि बढ्को बताएका छन्। दुईपक्षीय समझदारीमा कहींकतै समस्या भए बहस र छलफलबाट समाधान खोजेर अघि बढ्नुपर्ने उनको सुझाव छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नेपाल र एसियाली अध्ययन केन्द्र (सिनास) ले राजधानीमा गरेको 'परिवर्तित अवस्थामा नेपाल-भारत सम्बन्ध' विषयक अन्तरक्रियामा राजदूत पुरीले यो सम्बन्ध अझै मजबुत बनाएर विन-विन हुने गरी अघि बढ्न आवश्यक रहेको बताए । 'नेपालको आन्तरिक राजनीतिक विषयमा भारतको चाहना रहँदैन,' राजदूतले भने, 'विन-विन विकास सहकार्य नै अहिलेको आवश्यकता हो। राजनीतिक अस्थिरतामा नेपालले सल्लाह-सुझाव लिंदा भारत आफ्नो अनुभव सुनाउन चुक्दैन ।'

# अस्पतालको ६ करोड फ्रिज

कैलाली । सिटीस्क्यान उपकरण खरिद गर्नका लागि सुदुरपश्चिमका दुईवटा सरकारी अस्पताललाई आएको छ करोड रूपैयाँको बजेट फ्रिज भएको छ । स्वस्थ्य मन्त्रालयले ढिलो गरी अख्तियारी दिँदा आएको बजेट फिर्ता गएको हो । मन्त्रालयले आर्थिक वर्ष २०७३/७४ मा सिटीस्क्यान खरिदका लागि कैलालीको सेती अञ्चल अस्पताललाई तीन/तीन करोड रूपैयाँको बजेट पठाएको थियो ।

# कैलालीमा नागरिक बनाउने संख्या दोब्बर

धनगढी । निर्वाचन आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्ने समयसीमान तोकेपछि कैलालीमा नागरिकता बनाउनेको सङ्ख्यामा दोब्बरले वृद्धि भएको छ । सामान्य समयमा दैनिक ५० देखि ७० जनासम्मलाई नागरिकता प्रदान गर्ने गरिए पनि अहिले त्यो सङ्ख्या झण्डै दुई सयसम्म पुगेको जिल्ला प्रशासन कार्यालय कैलालीको नागरिकता फाँटले जनाएको छ ।

# केन्द्रीय प्रहरी प्रवक्तामा कार्की



काठमाडौं । नेपाल प्रहरीद्वारा सम्पादित जनसरोकारका काम-कारबाहीलाई यथार्थ तथा तथ्यगत रूपमा सञ्चार माध्यममा सम्प्रेषण गर्नका लागि प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालयका प्रहरी बरिष्ठ उपरीक्षक पुष्कर कार्कीलाई केन्द्रीय प्रहरी प्रवक्ता तोकिएको छ । प्रहरी बरिष्ठ उपरीक्षक कार्कीलाई मोवाइल नम्बर ९८५१२९२१११ मा सम्पर्क गर्न सकिने उक्त सचिवालयले जनाएको छ ।

# फोरमले बनायो ग्रामिण क्षेत्रलाई जोड्ने सडक

वीरगन्ज । डुबानले जोखिमपुर्ण र कष्टदायी बनेको राधेमाईदेखी सिद्धार्थ मावि नजिक मेनरोडसम्मको सडक संघीय समाजवादी फोरम नेपाल, पर्साले बिहीवार बनाएको छ । पर्साको ग्रामिण क्षेत्रबाट आवतजावत गर्ने अहिले महत्वपूर्ण बनेको यो सडक दुरावस्थाको शिकार भएको थियो । वीरगज माहानगरपालिकामा लागु 'मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजना'को निर्माण कामका लागि पदमसडक पावर साहउस चोकदेखि सिर्सिया पुलसम्म एक वर्षभन्दा बढी समयदेखी बन्द भएपछि विकल्पको रूपमा प्रयोग आएका सडकमध्ये यो प्रमुख एउटा सडकखण्ड हो । यस सडकखण्डमा मुख्य सडकदेखि ५० सय मिटर भित्र पश्चिमतिर जाँदा पानीमा डुबेको सडकखण्ड बिहिबार दिउँसोदेखि हिंड्न लायक भएको छ । फोरम नेपालका मधेश प्रदेश कोषाध्यक्ष विजयकुमार सरावगीको अग्रसरतामा सडकमा ३ सय मिटरभन्दा टुक्रा ईंटा र राबिस पुरेर सडक खुलाइएको छ ।







**मिथिला दर्शन टी़भी़**
कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**
**मोबाइल : ९८४३१४६४८८**
**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं